जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे


Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४९ • २०८३ साल जेठ ४ गते सोमबार (18 May, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–



# पुरुष्वत्तम मेला



महोत्तरी । महोत्तरीका दुई ठाउँमा पुरुष्वत्तम मेला सुरु भएको छ । जेठ कृष्णपक्षको समाप्तीसँगै आजदेखि शुरु भएको अधिकमाससँगै जिल्लाका लोहारपट्टी-४ पिपराढी र सोनमा-५ रामजानकी गेरुकाधाममा पुरुष्वत्तम मेला सुरु भएको हो । गेरु रङ्गको लेदो निस्कने नदीको दह परेको ठाउँ तथा जलप्रवाहमा पुरुष्वत्तम स्नानको हिन्दू मैथिल परम्परा छ ।

अधिकमासलाई पुरुष्वत्तममास र बोलीचालीमा मलमास पनि भनिन्छ । यही चलनले यो धार्मिक मेलालाई मलमास मेला पनि भन्ने गरिन्छ ।

अधिकमासको आइतबार र मङ्गलबार पुरुष्वत्तम मेला र स्नानको मैथिल परम्परा छ । यसअनुसार अधिकमास सुरु भएको पहिलो दिन नै आइतबार परेपछि दुवै ठाउँमा आजै धार्मिक मेला र स्नान सुरु भएको हो ।

गेरु रङ्गको लेदो वा पानी भएको ठाउँमा स्नानको परम्परा भएको हुँदा यसलाई 'गेरुका स्नान' र मेलाको ठाउँलाई 'गेरुकाधाम' भनिन्छ ।

प्रत्येक तीन वर्ष पुग्नअघि दुई औसीबीचमा सङ्क्रान्ति नपर्ने अवधिमा अधिकमास पर्ने गर्छ । यो सामान्यतया ३३ महिना नपुग्दै पर्छ ।

भगवान विष्णुको प्रिय हुँदा यो मासलाई पुरुष्वत्तम मास भन्ने गरिएको मटिहानी-७ स्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्र दास वैष्णव बताउनुहुन्छ ।

हिन्दू परम्परामा यो मासभरि गरिने दानले पूण्य प्राप्त हुने विश्वास गरिन्छ । जिल्लामा पुरुष्वत्तम मेला लाग्ने लोहारपट्टी-४ को पिपराढी बिम्ही र गेरुकी नदीको सङ्गममा र सोनमा-५ को रामजानकी गेरुकाधाम कन्तवा नदी किनारमा अवस्थित छ ।

पुरुष्वत्तम मासको यो मेलामा गेरुका स्नानले शरीरका विकार हट्ने, घाउखटिरा नहुने र कहिल्यै नास नहुने पूण्य प्राप्त हुने विश्वास रहेको मैथिली संस्कृतिविद् जलेश्वर-५ पतैलीका बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव रायको भनाइ छ ।

मेला सुरु भएकै दिन रामजानकी गेरुका धाममा हजारौ नरनारीले स्नान गरेका धामका महन्थ बालक दासले बताउनुभयो । दशगजाबाट एक किलोमिटरभन्दा कम दुरी रहेको हुँदा यहाँ मेला हेर्न र स्नान गर्नेहरु अधिकांश भारतीय रहेका उहाँको भनाइ छ ।

पुरुष्वत्तम मासको धार्मिक महत्वबारे हिन्दू परम्पराका स्कन्द पुराण, भविष्य पुराण, पद्म पुराणसहित् कैयौ धार्मिक ग्रन्थमा वर्णित छ ।

दुवै मेलामा मधेश र मिथिलाको संस्कृति, परम्परा झल्कने झाँकी र स्थानीय लोकपरम्पराका नृत्य प्रस्तुत गरिदैछन् । मेलामा व्यापारिक स्टलसँगै रोगटे पिङ्, कार रेल र सर्कससहितका मनोरञ्जनका साधन छन् । यो मेला अधिकमास रहने अवधि जेठभरि रहने छ । रासस

# वीरगञ्जको घण्टाघर क्षेत्रमा सरसफाइ

वीरगञ्ज । राष्ट्रिय सरसफाइ सप्ताहअन्तर्गत वीरगञ्ज महानगर र ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रले आइतबार वीरगञ्जको घण्टाघर परिसरमा बृहत् सरसफाइ गरेको छ । सङ्घीय सरकारले सप्ताहव्यापी रूपमा राष्ट्रिय सरसफाइ सप्ताह सञ्चालन गर्न अनुरोध गरेअनुसार नै यहाँ पनि सरसफाइ गरिएको हो ।

ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले सरसफाइ सप्ताहअन्तर्गत दिनहुँजसो सरसफाइ गर्दै आइरहेको जानकारी दिनुभयो । "हामीले वीरगञ्जलाई स्वच्छ र हराभरा बनाउनका लागि एक दिन मात्रै नभएर वर्षभरि नै सरसफाई र वृक्षरोपणको काम गर्दै आइरहेका छौँ," उहाँले भन्नुभयो, "सङ्घीय सरकारले राष्ट्रिय सरसफाइ सप्ताह मनाउन अनुरोध गरेपछि सरसफाइ नगर्ने त कुरै नै भएन ।" वीरगञ्ज महानगरको फोहोरमैला व्यवस्थापन गर्दै आएको एनके इन्टरनेसनल इन्टरप्राइजेजका सञ्चालक शिव गुप्ताले वीरगञ्जमा दिनको तीन पटकभन्दा धेरै सयम फोहोरमैला सङ्कलन गर्दै आइरहेको बताउनुभयो ।

"हामीले नियमित रूपमा तीन पटकभन्दा धेरै समय सरसफाइकर्मी खटाएर वीरगञ्जलाई सफा बनाउने काममा खटिरहेका छौँ," उहाँले भन्नुभयो, "विगतको एक दशकको तुलना वीरगञ्जको सरसफाइ निकै राम्रो भइरहेको छ ।"



वीरगञ्जको घण्टाघर सन् १९७९ फ्रेबुअरी ७ तारिखमा स्थापना भएको थियो । जापानको योनागो सहरका विद्यार्थीको एक दिनको खाजाको पैसा कटाएर घण्टाघर र त्यहाँ घडी राख्न आवश्यक बजेटको प्रबन्ध मिलाइएको स्थानीय ज्येष्ठ नागरिकको कथन छ । रासस

# ४० लाख मूल्य बराबरको अवैध समानसहित दुई पक्राउ




सिरहा । सशस्त्र प्रहरी बल नेपालले सिरहाको सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा अवैध सामानसहित एक मालवाहक गाडी र दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको नवराजपुर गाउँपालिका-५ देवनगरस्थित सीमा क्षेत्रमा विशेष गस्तीका क्रममा नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाका अनुसार विशेष सुराकीका आधारमा गण मुख्यालयबाट खटिएको ३५ सदस्यीय टोलीले शनिबार राति करिब ९:०० बजे स१ख ५३५ नम्बरको टाटा टुटोन गाडीलाई शङ्कास्पद अवस्थामा रोकी जाँच गरेको थियो ।


जाँचका क्रममा गाडीमा लुकाईछिपाई राखिएको कस्मेटिक सामग्री, मन्जन (टुथपेस्ट) तथा ओखर फेला परेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गरिएको सामान र गाडीको अनुमानित बजार मूल्य करिब रु ४० लाख रहेको बताइएको छ ।

घटनामा संलग्न रहेको आरोपमा नवराजपुर गाउँपालिका-५ निवासी अन्दाजी ५० वर्षीय राजेशकुमार यादव र ३९ वर्षीय आनन्द यादवलाई पक्राउ गरिएको छ ।

पक्राउ परेका दुवै व्यक्ति, बरामद सामान तथा गाडीलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो ।

सीमा क्षेत्रमा हुने यस्ता अवैध गतिविधि र तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निगरानी र गस्तीलाई थप तीव्र बनाएको उहाँको भनाइ छ । रासस

# सशस्त्र प्रहरीका दुई महिला कर्मचारी पहिलो पटक सगरमाथाको शिखरमा



काठमाण्डु । सशस्त्र प्रहरी सहायक हबल्दार अनिता कार्की र सहायक निरीक्षक निमडिक्की शेर्पाले आइतबार बिहान सशस्त्र प्रहरी सङ्गठनका तर्फबाट सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ । सहायक हवल्दार कार्कीले आज बिहान १० बजेर २० मिनेटमा र सहायक निरीक्षक शेर्पाले बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथाको चुचुरोमा पाइला राख्नुभएको हो ।

सशस्त्र प्रहरीका तर्फबाट सगरमाथा आरोहण गर्ने उहाँहरू तेस्रो र चौथो सशस्त्र प्रहरी हुनुहुन्छ । सङ्गठनका महिला कर्मचारीका तर्फबाट भने यो पहिलो सफल आरोहण भएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

इलामको सन्दकपुर गाउँपालिका माबु निवासी शेर्पा र राष्ट्रियस्तरकी फेन्सिङ खेलाडीसमेत रहेकी रामेछापको गोकुलगङ्गा गाउँपालिका-१, चुचुरे निवासी कार्कीले पर्वतीय उद्धार तथा उच्च हिमाली क्षेत्रमा दक्षता हासिल गर्नुभएको थियो ।

उहाँहरूले यसअघि मनाङस्थित चुलु फार इष्ट हिमाल तथा लोबुचे हिमालकोसमेत सफल आरोहण गरिसक्नुभएको छ । रासस

## पश्चिमी वायुको प्रभावः

# कोशी, बागमती र गण्डकीमा वर्षाको सम्भावना

काठमाण्डु । हाल देशमा पश्चिमी तथा स्थानीय वायुको प्रभाव रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यसका कारण अहिले गण्डकी, बागमती र कोशी प्रदेशका केही स्थानमा वर्षा भइरहेको छ ।



महाशाखाका अनुसार आइतबार दिउँसो कोशी प्रदेशसहित बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली तथा पहाडी भूभागमा सामान्यदेखि पूर्ण बदली रहनेछ भने बाँकी भागमा आंशिक बदली रहनेछ । कोशी प्रदेशका हिमाली तथा पहाडी भूभागका केही स्थानमा तथा बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली तथा पहाडी भूभागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । यसैगरी, मधेस प्रदेशसहित लुम्बिनी र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भूभाग तथा कोशी प्रदेशको तराई क्षेत्रका एकदुई स्थानमा पनि मेघगर्जन तथा चट्याङसहित वर्षा हुन सक्ने महाशाखाले जनाएको छ । मधेस र कोशी प्रदेशका तराई क्षेत्रमा हुरीको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरिएको छ ।

महाशाखाले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका केही भूभागमा तापक्रम बढ्न सक्ने सम्भावना पनि औँल्याएको छ । आइतबार राति भने कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भूभागमा सामान्य बदली रहनेछ भने कर्णाली प्रदेशको हिमाली भूभाग र मधेश प्रदेशमा आंशिक बदली रहने जनाइएको छ । बाँकी पहाडी तथा तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ ।

आइतबार राति नै कोशी प्रदेशका केही स्थान तथा बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षाको सम्भावना छ । तराई क्षेत्रका केही स्थानमा हुरी चल्न सक्ने भएकाले आवश्यक सावधानी अपनाउन महाशाखाले सम्बद्ध सबैमा अनुरोध गरेको छ । रासस

# ट्राफिक सचेतना

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा विश्व सडक सुरक्षा सप्ताह २०२६ अन्तर्गत ट्राफिक सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको अगुवाइमा वीरगञ्ज महानगरपालिकाको माईस्थान-घण्टाघर क्षेत्रमा मानवीय क्षति कम गर्न जनचेतना नै सबैभन्दा प्रभावकारी उपाय भएको बताए ।

उनका अनुसार जिल्ला ट्राफिक प्रहरी कार्यालयले सडक सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न अभियान सञ्चालन गर्दै आएको छ । कार्यालयले बजार क्षेत्र मात्र




विशेष जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको हो ।

बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रममा विशेषगरी साइकलयात्री, रिक्साचालक तथा सर्वसाधारणलाई लक्षित गर्दै ट्राफिक नियमसम्बन्धी जानकारी प्रदान गरिएको जनाइएको छ ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख युवराज कटवालले पछिल्लो समय सवारी दुर्घटनाका घटनामा वृद्धि हुँदै गएकोप्रति चिन्ता व्यक्त गरे । उनले दुर्घटनाबाट हुने नभई विद्यालय-विद्यालयमा पुगेर पनि विद्यार्थीलाई ट्राफिक नियम, सडक अनुशासन र सुरक्षित यात्राबारे जानकारी दिए ।

कार्यक्रममा ट्राफिक प्रहरीले सडकमा हिँड्दा अपनाउनुपर्ने सावधानी, जेब्रा क्रसिङको प्रयोग, हेल्मेट तथा सिट बेल्टको महत्व, मादक पदार्थ सेवन गरेर सवारी नचलाउनेलगायत विषयमा जानकारी दिएको थियो । सहभागीहरूलाई सडक सुरक्षासम्बन्धी सन्देश लेखिएका पम्प्लेट तथा सामग्री पनि वितरण गरिएको थियो ।

## सहकारी बैंकको सञ्चालकः

# छ प्रदेशमा निर्विरोध, बागमतीमा निर्वाचन हुने

काठमाण्डु । राष्ट्रिय सहकारी बैंक लिमिटेडको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचनका लागि छ प्रदेशका सञ्चालक निर्विरोध निर्वातिच भएका छन् । निर्वाचनका क्रममा लेखा सुपरीवेक्षण समितिमा एक जना संयोजकसहित दुई सदस्य निर्विरोध निर्वाचित भएका निर्वाचन समितिले जनाएको छ ।

बागमती प्रदेशबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकका लागि भने यही जेठ ९ गते निर्वाचन हुने कार्यक्रम तय भएको हो । बागमती प्रदेशको सञ्चालकका लागि सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षी दलसहित तीन दलले साझा उम्मेदवार घोषणा गरेका छन् । तीन दलले संयुक्त रूपमा बागमती प्रदेशको सञ्चालकका लागि डा परितोष पौडेललाई सञ्चालक उम्मेदवार घोषणा गरेका हुन् ।




उम्मेद्वार घोषणा गर्न आज आयोजित कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य गीता सत्याल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता केशव बडाल, खगराज अधिकारी र डा खेमप्रसाद लोहनी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सचिवालय सदस्य लीलामणि पोखरेललगायतले अहिलेको परिस्थितिमा सहकारीको मूल्य, मान्यता अनुसार सहकारी अभियान सञ्चालन गर्न साझा उम्मेदवार घोषणा गरी निर्वाचित गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

राष्ट्रिय सहकारी महासङ्घका कार्यवाहक अध्यक्ष रमेश पोखरेल र बागमती प्रदेश सञ्चालक पदका उम्मेदवार पौडेलले सहकारी अभियानलाई पारदर्शी, जवाफदेही र जिम्मेवार रूपमा अघि बढाउन आज बेलुकीसम्म साझा घोषणापत्र तयार पारी सार्वजनिक गरिने जानकारी गराउनुभएको थियो । बागमती प्रदेशको सञ्चालकको निर्वाचनका लागि मतदान भने सात वटै प्रदेशका प्रतिनिधिले गर्ने व्यवस्था छ । रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | पारिवारिक सम्बन्धमा आत्मीयता र समन्वय थप सुदृढ हुँदै जाने संकेत छ। |
| वृष : | अड्किएका तथा अधुरा कार्यहरु क्रमशः सम्पन्न हुँदै जानेछन् । |
| मिथुन : | स्वास्थ्यप्रति सजग रहनुपर्ने समय रहेको छ। |
| कर्कट : | आर्थिक पक्ष सुदृढ हुँदै जानेछ भने आम्दानीका स्रोत विस्तार हुने संकेत छ। |
| सिंह : | अवरुद्ध तथा अधुरा कार्यहरु पुनः गति लिनेछन् । |
| कन्या : | सेवामूलक कार्यमा सफलता मिल्ने संकेत छन् । |
| तुला : | खर्चमा वृद्धि र मानसिक अशान्ति अनुभव हुन सक्ने अवस्था देखिन्छ । |
| वृश्चिक : | दाम्पत्य तथा प्रेम सम्बन्धमा समझदारी र सौहार्दता वृद्धि हुनेछ । |
| धनु : | आर्थिक लाभका अवसरहरु देखा पर्नेछ। |
| मकर : | दाम्पत्य जीवन सुखद र सन्तुलित रहनेछ। |
| कुम्भः | धैर्य र विवेक अपनाउँदा नकारात्मक प्रभाव न्युन गर्न सकिनेछ । |
| मीनः | मान-सम्मान तथा सामाजिक प्रतिष्ठामा वृद्धि हुने संकेत छन् । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |


जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४९ • २०८३ साल जेठ ४ गते सोमबार (18 May, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा-लोसपा एकीकरणमा दुई बुँदे असहमति



**टुडे समाचारदाता**

जनकपुरधाम । केही दिन अघि मात्रै जनता समाजवादी पार्टी (जसपा) र नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीचको भएको एकीकरणलाई निर्वाचन आयोगले मान्यता दिएको छ ।

यसैबीच शुरुमै एकीकरणमा रहे पनि अन्तिम चरणमा समावेश नभएका नेता हृदयेश त्रिपाठीले दुई बुँदे फरक मत राखेका छन् । आफू प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विपक्षमा रहेको जनता प्रगतिशील पार्टीका अध्यक्षसमेत रहेका नेता त्रिपाठीले जनाएका छन् ।

नेपाल जस्तो विविधतायुक्त देशमा अहिलेकै संसदीय प्रणाली र मिश्रित निर्वाचन प्रणाली ठीक भएको उनले सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरेका छन् ।

अध्यक्ष त्रिपाठीले लेखेका छन्, 'प्रत्यक्ष निर्वाचित रास्ट्रपतिको व्यवस्था नेपाली कम्युनिष्ट मित्रहरूको विचार हो, जुन अल्पसंख्यकका लागि घातक छ र पूर्ण समानुपातिक निर्वाचन प्रणालीसँग सहमत हुन सकिन्न,' उनले भनेका छन्, 'सैद्धान्तिक विषयमा स्पष्ट नभइ एकता गर्नु आत्मघाती हुनेछ ।'

गत २४ मंसिरमा हृदयेश त्रिपाठी अध्यक्ष रहेको जनता प्रगतिशील पार्टी (जप्रपा), वृषेशचन्द्र लाल अध्यक्ष रहेको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र लोसपा नेपालले पार्टी एकीकरण गरेका थिए ।

त्यसपछि पुसमा लोसपा-जसपा नेपाल बीच एकीकरण भएको थियो । यस एकीकरणले निर्वाचन आयोगबाट समेत मान्यता प्राप्त गरिसकेको छ ।

अध्यक्ष त्रिपाठी नेतृत्वको जप्रपा र लाल अध्यक्ष रहेको तमलोपाको अथक प्रयासपछि लोसपासँग एकीकरण भएको र त्यसपछि लोसपा र जसपा एकता प्रक्रिया अगाडि बढेको त्रिपाठीले उल्लेख गरेका छन् ।

जसपा-लोसपा एकीकरण हुँदा जप्रपा र तमलोपालाई कुनै जानकारी नदिएको त्रिपाठीको आरोप छ । तमलोपा एकीकरण प्रक्रियबाट बाहिरीसकेको छ ।

फागुन २१ को निर्वाचनमा त्रिपाठी जसपा नेपालकै चुनाव चिह्न ढल्केको छाता लिएर उम्मेदवार बनेका थिए । नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)-१ बाट उठेका उनले ७ हजार ८२३ मत प्राप्त गरेका थिए ।

निर्वाचन आयोगबाट मान्यता प्राप्त हुनुलाई भने त्रिपाठीले सकारात्मक भनेका छन् ।

यता निर्वाचन अघि भएको एकीकरण निर्वाचनको मुखमै लाल नेतृत्वको तमलोपा अलग भइसकेको थियो भने नेता त्रिपाठी मौन थिए ।

## मुख्यमन्त्री यादवले शुक्रबार विश्वासको मत लिने

# जसपामा विवाद समाधानका लागि निर्वाचन हुने, कांग्रेस ऐक्यबद्ध



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार प्रदेश सभामा विश्वासको मत लिने भएका छन् ।

सत्ता साझेदार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका छन् ।

गत २२ गते जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । यस अघि मुख्यमन्त्री यादवले सदनबाट विश्वासको मत लिन खोजे पनि नेपाली कांग्रेसभित्रको किचलो र जसपा नेपालको अलमलको कारण उनले विश्वासको मत लिन सकेन । जेठ १ गते नै मुख्यमन्त्री यादवले विश्वासको मत लिने कार्यसूची रहेको थियो । तर अन्तिम समयमा कार्यसूची नै फेरबदल गरिए पछि विवाद उत्पन्न भएको थियो । सोही विषयलाई लिएर कार्यव्यवस्था परामर्श समितिको बैठक पछि कांग्रेस एक्यबद्ध भएको छ भने जसपा नेपाल पनि सकारात्मक भएको थियो । सोही अनुसार आउँदो शुक्रबार मुख्यमन्त्री यादवले विश्वासको मत लिने भएका छन् ।

यस अघि पनि विश्वासको मत लिने कार्यसूची रहे पनि मुख्यमन्त्री यादवले अन्तिम समयमा कार्यसूची नै फेरबदल गरेको भन्दै जनमतले कडा आलोचना गरेको थियो ।मुख्यमन्त्रीको कार्यशैलीप्रति जनमतले विरोध गर्दै सरकारलाई दिएको समर्थन र सहभागिताबाट फिर्ताको निर्णय सहित मन्त्रीहरुलाई सरकारबाट राजीनामा गर्न आग्रह गरे पनि मुख्यमन्त्री यादवको सरकारमा रहेका द्वय मन्त्रीले राजीनामा दिएका छैनन् । यस अघिको विश्वासको मत लिने दिन एक मन्त्री अनुपस्थित र एक मन्त्री विपक्षी बेञ्चमा बसेका थिए ।

प्रदेश सरकारलाई विश्वासको मतका लागि ५२ जना सांसदको समर्थन भए पुग्ने छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले वर्तमान सरकारप्रति सकारात्मक रहेको जनाइएको छ ।

## जसपामा संसदीय दलको नेताको निर्वाचन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री कृष्णप्रसाद यादवले वितेको शुक्रबार विश्वासको मत लिन सकेनन् । मुख्यमन्त्री यादवले विश्वासको मत लिन नसक्नुको मुख्यकारण जसपा नेपालभित्रको आन्तरिक विवाद हो । शुक्रबार सदन सञ्चालन हुनु अघि बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकको क्रममा जसपा नेपाल-लोसपा नेपाल एकीकरणपछि गठन भएको जसपा नेपालले संसदीय दल चयन नगर्दा तत्कालीन जसपाका संसदीय दलका नेता सरोजकुमार यादवको विरोध गर्दै तत्कालीन लोसपाका नेता जितेन्द्र सोनलले समेत जसपा नेपालको संसदीय दलको नेता आफू रहेको र आफ्नो कुर्सीबारे सभामुखलाई प्रश्न गर्दै ताकेता गरपछि सदन नै प्रभावित भएको थियो ।

त्यसैले प्रदेशसभाको बैठक हुनु अगावै जसपा नेपाल मधेश प्रदेशमा संसदीय दलको नेताको निर्वाचन बुधबार गर्ने भएको छ ।

स्रोतले जनाए अनुसार पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र पूर्वमुख्यमन्त्री लालबाबु राउतबीच संसदीय दलको नेताका लागि भिड्ने भएका छन् ।

जसपा र लोसपा एकीकरणपछि मधेश प्रदेशमा सबैभन्दा ठूलो दल बनेको छ । जसपा नेपालको १८ जना र लोसपाको ८ जना गरी २६ जना सांसद पुगेको छ। २ जना निलम्बनमा रहेका समेत जसपा नेपालको संख्या २८ पुगेको छ । दोस्रोमा नेकपा एमाले २४ र तेस्रोमा नेपाली कांग्रेस २२ जना सांसद रहेका छन् । चौथोमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) १४ र पाँचौमा जनमत पार्टीको १२ जना सांसद छन् ।

संसदीय दलको नेता निर्वाचनमा सरोजकुमार यादव निर्वाचित भएमा कृष्णप्रसाद यादवको प्रदेश सरकारले निरन्तरता पाउनसक्ने सम्भावना रहेको स्रोतको दाबी छ ।

## न्याय प्रणालीमा राज्यस्तरबाटै हस्तक्षेप हुनु गम्भीर राजनीतिकरण रहेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले संविधान संशोधनलाई समयानुकूल बनाउँदै समावेशी समानुपातिक अनुरुप सीमान्तकृत समुदायको हरेक निकायमा अनिवार्य व्यवस्था नहुँदा विकृति विसंगति निम्तिने गरेको बताएका छन् ।

जनकपुरधाममा आइतबार संविधान संशोधनका लागि बार हरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख यादवले न्याय प्रणालीलाई अझ प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता रहेको बताए ।

सभामुख यादवले भने, 'संविधान कुनै स्थिर दस्तावेज मात्र नभइ वर्तमान समय र समाजसँगै परिमार्जन हुँदै जाने जीवित दस्तावेज हो । न्याय क्षेत्रको अनुभव र कानुन व्यवसायीहरूको सुझावलाई समेटेर मात्र प्रभावकारी संशोधन सम्भव हुन्छ ।'

केही समयदेखि जिल्ला प्रशासन कार्यालयमा वैवाहिक अंगिकृत नागरिकता दिने नाममा ढिलासुस्ती गर्नु नै अनियमितताको संकेत रहेको आरोप लगाए । उनले न्याय प्रणाली सुधार र परिवर्तनको बहस भइरहेको बेलामा अर्धन्यायिक निकाय भनिने प्रशासन कार्यालयमै कर्मचारीहरको ढिला सुस्ती र अनियमितताले सेवाग्राही कतिसम्म समस्या र चुनौतीबाट गुज्रिरहेको भन्ने कुराबाट पनि प्रस्ट भएको बताए। उनले स-प्रमाण हुँदाहुँदै प्रशासन कार्यालयले सेवाग्राहीलाई अनागरिक देख्नु नै कर्मचारी अधिकारीहरुमा खोट रहेको बताए ।

नेपाल बार एशोसिएसनका केन्द्रीय अध्यक्ष प्रा.डा. विजय प्रसाद मिश्रले न्याय प्रणालीलाई परिवर्तनको नाममा वर्तमान सरकार भत्काउने र बिगार्नेमा केन्द्रित रहेको आरोप लगाए । उनले अहिलेको



सरकारसंग बनाउने भन्ने तर कस्तो बनाउने भन्नेमा कुनै पनि किसिमको स्पष्ट खाका ल्याउन नसके पनि भत्काउने बिगार्ने कार्यमा अग्रसर रहनु विडम्बना रहेको प्रस्ट्याए ।

प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया मापदण्ड विपरीत रहेको चर्चा गर्दै अहिलेको सरकारले आफ्नो बर्चस्व बनाउनका लागि नयाँ खालको सेटिंग मिलाउन गर्न खोजेको अध्यक्ष प्रा.डा. मिश्रले बताए ।

न्यायाधीशलाई पोलिटिकलबाट टाढा राख्नु भन्ने नै बेठीक रहेको उनले टिप्पणी गरे । उनले न्याय प्रणालीमा राज्यस्तरबाटै हस्तक्षेप हुनु गम्भीर राजनीतिकरण रहेको आरोप लगाए ।

अध्यक्ष प्रा.डा. मिश्रले कानुन व्यवसायीहरु स्थायी सांसद रहेकाले न्याय प्रणालीमा देखिएको वेदनाको समाधान गर्त अग्रसरता लिनुपर्ने बताए ।

उनले वर्तमान अवस्थामा दुई तिहाइको सरकार रहे पनि बर्चस्व कायम गर्न चाहे तापनि सर्वदलीय सहमतिबाट नै प्रधानन्यायाधीश नियुक्ति गर्नुपर्नेमा जोड दिए ।

उनले प्रधानन्यायाधीश भन्ने संस्थामा राजनीति बढी हाबी हुनु नै गलत रहेकाले आफूहरुले नै गोला प्रथाबाट न्याय प्रणालीले कामकारबाही गरिने व्यवस्था मिलाइएको बताउँदै उनले गोला प्रथा व्यवस्था कुनै पनि नाममा परिवर्तन गर्न नदिने अध्यक्ष प्रा.डा. मिश्रले बताए ।

उच्च अदालत जनकपुरका मुख्यन्यायाधीश टेकनारायण कुँवरले सर्वोच्च अदालतले प्रक्रियागत रुपमा उच्च अदालतमा र उच्च अदालतले जिल्ला अदालतमा न्यायाधीश नियुक्ति गर्नुपर्ने व्यवस्था हुनुपर्ने धारणा राखे । उनले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि गैरराजनीतिक रुपमा संवैधानिक अदालतबाट हुनुपर्ने बताए ।

उनले यसका लागि संवैधानिक अदालतको खाँचो रहेको औल्याए । मुलुकमा सिस्टम बसाल्नका लागि अदालतलाई राजनीतिबाट टाढा राख्नुपर्ने उनको भनाइ छ ।

त्यस्तै वरिष्ठ अधिवक्ता विमल शर्माले न्याय प्रणालीमा सुधारका नाममा समेत संविधान संशोधन कार्यदल गठन गरिएको र त्यस कार्यदलले राज्यका हरेक तीन वटै अंग र हरेक निकाय प्रभावित रहेको बताए । उनले संविधान संशोधन नाममा भइरहेको छलफल र बहससंगै एकै दलले आफ्नो प्रभुत्व जमाउनु खोज्नु पनि गम्भीर राजनीतिकरण खोज्नु गलत रहेको टिप्पणी गरे । राजनीतिको विरोध गरेर राजनीति गर्नु आफ्नो बर्चस्व खोज्नुले आउने दिनमा मुलुक झन् संकटतर्फ अग्रसरतर्फ अघि बढ्नु सकारात्मक संकेत नरहेको उनको भनाइ छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशको आयोजना तथा जनकपुर बार एसोसिएसनको सह-आयोजनामा भएको कार्यक्रममा मुख्यन्यायाधिवक्ता डा. सुनिल रञ्जन सिंहले संविधान संशोधन प्रक्रियामा कानुन व्यवसायीको भूमिका अत्यन्त महत्वपूर्ण रहने बताए ।

उनले न्याय प्रशासनलाई सुदृढ बनाउन व्यवहारिक अनुभवमा आधारित सुझाव आवश्यक रहेको बताए ।

उनले संविधान संशोधन राजनीतिक प्रक्रिया मात्र नभइ राज्य सञ्चालनको न्यायिक आधारलाई अझ मजबुत बनाउने अभ्यास रहेको बताए । कानुन व्यवसायीहरूको प्रत्यक्ष अनुभवले नीति निर्माणलाई यथार्थपरक बनाउन मद्दत मिल्ने उनको भनाइ छ ।

बार एशोसिएसन जनकपुरका अध्यक्ष अधिवक्ता विमल कुमार मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी कानुन व्यवसायीहरूले संविधान संशोधन, न्याय प्रणालीमा पार्ने खोजिएको प्रभाव र असर तथा न्यायिक पहुँच विस्तार तथा न्याय प्रणालीमा देखिएका चुनौतीबारे आ- आफ्ना धारणा राखेका थिए ।

## समायोजित कर्मचारीमाथि संघको अधिकार हट्यो

**टुडे समाचादाता**

जनकपुरधाम । समायोजन भएका कर्मचारीहरु सम्बन्धित प्रदेश र स्थानीय तहमै रहने भएका छन् । गत ८ वर्षदेखि कर्मचारीतन्त्रमा रहेको अन्योलता सर्वोच्च अदालतको फैसलापछि अन्त्य भएको छ ।

फैसलाको मुख्य सन्देश छ- 'एकपटक समायोजन भएर प्रदेशमा गएपछि कर्मचारीको संघीय कानूनसँगको नाता तोडिन्छ ।' अब प्रदेशले आफ्नो सेवालाई गुणस्तरीय बनाउन संघीय कानुनमा नभएका थप शर्त वा तालिम अनिवार्य गर्न पाउनेछ ।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल, सुनिल कुमार पोखरेल र शान्ति सिंह थापासहितको पूर्ण इजलासले प्रशासनिक संघीयतालाई बन्धक नबनाऊ, यथाशक्य चाँडो संघीय निजामती ऐन जारी गर भनी सरकारलाई




आदेश दिएको छ । २०८२ माघ २२ गते गरिएको सर्वोच्चको त्यो फैसलाको पूर्णपाठ अहिले आएर सार्वजनिक भएको छ ।

संविधानको अनुसूची-६ मा प्रदेश निजामती सेवालाई प्रदेशको एकल अधिकारको सूचीमा रहेकाले त्यसमा हस्तक्षेप नगर्न भन्दै प्रदेशले आफ्नो सेवाका लागि छुट्टै कानून बनाउन सक्छ सर्वोच्चले भनेको छ । यति मात्र होइन प्रदेशले आफ्नो सेवालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन संघीय कानूनमा तोकिएको भन्दा 'थप' वा 'उच्च' योग्यता तोक्न पूर्ण रूपमा स्वतन्त्र रहने समेत भनेको छ ।'

अदालतले थप प्रस्ट पार्दै भनेको छ - ' जब एउटा कर्मचारीले प्रदेशमा जानका लागि समायोजन रोज्छ वा समायोजन भएर जान्छ, तब उसको साविकको संघीय कानूनसँगको नाता तोडिन्छ । ऊ अब पूर्णरूपमा प्रदेशकै कर्मचारी हो ।

अब सातै प्रदेशलाई आफ्ना कर्मचारीका लागि छुट्टै र विशेष योग्यता तोक्ने बाटो खुलेको छ । अब उनीहरूले 'संघीय कानूनमा यस्तो छैन' भन्ने दबाब झेल्नुपर्ने छैन । समायोजन भएर प्रदेश वा स्थानीय तहमा गएका कर्मचारीहरूले अब आफूलाई 'संघीय कर्मचारी' सम्झिने मानसिकता त्याग्नुपर्नेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेस एकजुट हुनुपर्छ

नेपालको सबै भन्दा पुरानो, कयौं पटक सफल आन्दोलनको नेतृत्व गरेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विभाजनको बाटोमा अग्रसर भएको छ ।हुन त नेपाली कांग्रेस विगतमा पनि कयौं पटक विभाजित भएको थियो ।पछिल्लो पटक नेपाली कांग्रेसको सभापति स्व.गिरिजाप्रसाद कोइराला रहेको बेला शेरबहादुर देउवाको नेतृत्वमा पार्टी विभाजन भएको थियो । तर केही वर्षमै फेरि पार्टी एकीकरण भयो ।जेनजी आन्दोलनबाट सर्वाधिक प्रभावित नेपाली कांग्रेस नै भयो ।कांग्रेसका कयौं शीर्ष नेताहरुलाई आन्दोलनले तारो बनाए ।कानुनी भन्दा पनि बलपूर्वक कांग्रेसका नेताहरुलाई विस्थापित गराउने काम भयो ।कयौं नेता राजनीतिबाट ओझेल भए ।कांग्रेसमा रहेका युवाहरुले पनि पुराना अनुभवी नेताहरुलाई विस्थापित गर्न विशेष महाधिवेशन गरे ।त्यसबाट कांग्रेसका युवा नेताहरु पार्टीको कार्यकारी पदहरुमा पुगे ।कांग्रेस पार्टीको सभापतिमा गगन थापा चुनिए ।निर्वाचन आयोग र सर्वोच्च अदालतले पनि थापा नेतृत्वको कांग्रेसलाई वैधता दिए ।तर कांग्रेसको आन्तरिक कलह साम्य भएन् । कांग्रेसलाई एक ढिक्का बनाउनु पर्नेमा सबै नेता, कार्यकर्ताहरु सहमत छन् । तर अडान छाड्न कोही तयार छैनन् ।संस्थापन पक्षले नियमित महाधिवेशनको तयारी थालिसकेको छ ।त्यसका लागि क्रियाशील सदस्यता नवीकरण र वितरणको कार्य प्रारम्भ गरिसकिएको छ ।तर असन्तुष्ट पक्षले त्यस प्रक्रियाको विरोध गरिरहेका छन् ।उनीहरुले हाल भर्न भनिएको क्रियाशीलको प्रक्रियामा जान अस्वीकार गरेका छन् ।असन्तुष्ट पक्षले प्रादेशिक स्तरमा कार्यकर्ता भेला थालिसकेको छ ।पूर्णबहादुर खड्काको अग्रसरतामा सुदुरपश्चिममा प्रदेश स्तरीय कार्यकर्ता भेला सम्पन्न भएको छ ।अन्य प्रदेशहरुमा पनि त्यस्तो भेलाको आयोजना गरिनेछ ।तर संस्थापन पक्षले उनीहरुलाई पनि मूलधारमा नै फर्किन आह्वान गरिरहेको छ ।पूर्व सभापति शेरबहादुर देउवा पक्षधरहरुले सभापति थापालाई चुनौती दिएका छन् ।कांग्रेस एक ढिक्का नभए सम्म देशमा लोकतान्त्रिक व्यवस्था पनि स्थिर हुन सक्दैन् ।हुन त कांग्रेसका नेताहरुले राष्ट्रियतालाई बलियो बनाउन पनि कांग्रेस बलियो हुनुपर्ने तर्क गर्छन् ।हुनत देशमा कांग्रेस कमजोर भएको बेला राष्ट्रियतापनि कमजोर देखिएको हो ।नेपाली कांग्रेस मध्यममार्गी दलको रुपमा स्थापित छ ।कांग्रेस एकजुट हुन नसके विगतको भन्दा पनि आगामी समयमा कमजोर हुनेछ ।सभापति थापाले असन्तुष्ट पक्षबाट १९ जनालाई केन्द्रीय समितिमा मनोनयन गरेर राम्रो कार्य गरेका छन् ।असन्तुष्टहरुलाई पनि पार्टीमा स्थान दिएर संगठनलाई सशक्त बनाउन संस्थापन पक्षले गरेको प्रयास सकारात्मक रहेको छ ।तर अझै असन्तुष्ट रहेका नेताहरुलाई पनि पार्टीमा उचित व्यवस्थापन गर्न आवश्यक छ ।असन्तुष्टहरुको समस्यालाई सम्बोधन गर्न संस्थापन पक्ष अग्रसर हुनुपर्छ ।लोकतन्त्रका लागि सशक्त कांग्रेस पार्टी हुनु आवश्यक छ ।सभापति थापाले पार्टीलाई एकढिक्का बनाएर लग्न सके त्यो नै ठूलो सफलता हुनेछ ।

## संघीयताको अभ्यास र स्थानीय प्राथमिकताको प्रश्नः

# शिक्षा र स्वास्थ्य किन अझै छायाँमा?



सुरेश खतिवडा

निश्चित क्षेत्रको अध्ययनबाट ममा यो लेख तयार गर्ने मनस्थिति सिर्जना भएपनी यी यावत् बिषयले समग्र देशको प्रतिनिधित्व गर्छ भन्ने मलाई लाग्दछ । हालै कामको सिलसिलामा मधेश प्रदेशका केही स्थानीय तह भ्रमण गर्ने अवसर मिल्यो। पालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी तथा स्थानीय समुदायसँगको छलफलका क्रममा एउटा साझा चिन्ता बारम्बार सतहमा आयो–शिक्षा र स्वास्थ्य क्षेत्रको बजेट विनियोजनको अवस्था सन्तोषजनक छैन। कतिपय पालिकामा त यी क्षेत्रहरू न्यूनतम आवश्यकताको आधारमा मात्र चलाइएका छन्। अझ रोचक र चिन्ताजनक कुरा के देखियो भने, यसलाई स्रोत अभावको मात्र समस्या भनेर व्याख्या गर्न पर्याप्त छैन; यो प्राथमिकता, दृष्टिकोण र राजनीतिक संस्कृतिसँग जोडिएको विषय पनि हो।

नेपालमा संघीयता लागू भएको लगभग एक दशक पुग्न लाग्दा स्थानीय सरकारलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गर्ने ठूलो अपेक्षा थियो। शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ लगायतका आधारभूत सेवामा स्थानीय तहलाई अधिकार दिइनुको मूल उद्देश्य पनि यही थियो कि स्थानीय आवश्यकताको पहिचान स्थानीय स्तरमै होस्, योजना स्थानीय वास्तविकताअनुसार बनोस्, र नागरिकले प्रत्यक्ष लाभ पाऊन्। संविधानले स्थानीय सरकारलाई अधिकार मात्र दिएको होइन, उत्तरदायित्व पनि दिएको हो। तर व्यवहारमा आउँदा, कतिपय स्थानीय तहमा प्राथमिकताहरूको सन्तुलन नै गुमेजस्तो देखिन्छ।

### "देखिने विकास" को राजनीतिक मनोविज्ञान

मधेश प्रदेशका केही स्थानीय प्रतिनिधिहरूसँगको अनौपचारिक संवादमा एउटा वाक्य धेरै पटक सुनियो–"पूर्वाधार बनायो भने काम देखिन्छ।" वास्तवमा, यो केवल एउटा वाक्य होइन; अहिलेको स्थानीय राजनीतिक अर्थशास्त्र बुझ्ने "त्ष्उक" हो।

सडक कालोपत्रे भयो, भवन बन्यो, प्रवेशद्वार ठडियो, सामुदायिक भवन निर्माण भयो–यी सबै तत्काल देखिने उपलब्धि हुन्। उद्घाटन गर्न सकिन्छ, फोटो खिच्न सकिन्छ, चुनावी भाषणमा प्रस्तुत गर्न सकिन्छ। नागरिकले पनि भौतिक परिवर्तनलाई विकाससँग सहज रूपमा जोड्ने गरेका छन्। त्यसैले पूर्वाधार निर्माण राजनीतिक रूपमा 'उच्च प्रतिफल' दिने क्षेत्र बनिरहेको छ।

तर शिक्षा र स्वास्थ्य फरक प्रकृतिका क्षेत्र हुन्। एउटा विद्यालयको सिकाइस्तर सुधार गर्न वर्षौं लाग्छ। प्रारम्भिक बालविकासमा गरिएको लगानीको प्रभाव किशोरावस्थामा मात्र देखिन सक्छ। पोषण, मातृ स्वास्थ्य वा रोकथाममुखी स्वास्थ्य सेवाको उपलब्धि आँकडामा देखिन समय लाग्छ। जनप्रतिनिधिको पाँच वर्षे कार्यकालभित्र यस्ता उपलब्धिहरू राजनीतिक रूपमा पूँजीकरण गर्न कठिन हुन्छ। फलस्वरूप, अल्पकालीन देखिने परिणामलाई प्राथमिकता दिने र दीर्घकालीन सामाजिक लगानीलाई गौण बनाउने प्रवृत्ति मौलाएको देखिन्छ।

तर यहाँ एउटा आधारभूत प्रश्न उठ्छ–के विकासलाई केवल कंक्रिट र संरचनाबाट मापन गर्न सकिन्छ?

यदि एउटा पालिकामा पक्की सडक त छ, तर विद्यालयमा सिकाइ उपलब्धि कमजोर छ; स्वास्थ्य संस्था त छ, तर दक्ष जनशक्ति र आधारभूत औषधिको अभाव छ भने के त्यो विकास दिगो भन्न सकिन्छ?

### शिक्षा र स्वास्थ्यः खर्च होइन, मानव पूँजी निर्माणको लगानी

नेपालजस्तो विकासोन्मुख देशका लागि शिक्षा र स्वास्थ्यलाई खर्चको शीर्षकमा सीमित गरेर हेर्नु गम्भीर रणनीतिक भूल हुन सक्छ। विश्वका सफल अर्थतन्त्रहरूको अध्ययन गर्दा एउटा समान पक्ष स्पष्ट देखिन्छ–मानव पूँजीमा गरि एको लगानी।

गुणस्तरीय शिक्षा केवल विद्यालय सञ्चालनको विषय होइन; यो उत्पादक जनशक्ति निर्माण, सामाजिक चेतना, नागरिक उत्तरदायित्व, नवप्रवर्तन क्षमता र सामाजिक न्यायसँग जोडिएको विषय हो। त्यसैगरी, स्वास्थ्य केवल बिरामीको उपचार होइन; यो श्रम उत्पादकता, बाल विकास, आर्थिक स्थिरता र समग्र जीवनस्तरसँग सम्बन्धित छ।

> संघीयताको वास्तविक सफलता कति किलोमिटर सडक बन्यो भन्नेमा मात्र मापन हुनु हुँदैन; कति बालबालिका सिकिरहेका छन्, कति आमा सुरक्षित छन्, कति नागरिक स्वस्थ र सक्षम छन् भन्नेमा पनि मापन हुनुपर्छ। नत्र हामी विकासको भ्रममा अल्मलिएर भविष्य कमजोर बनाइरहेका हुनेछौं।

विश्व बैंक र विभिन्न अन्तर ाष्ट्रिय अध्ययनहरूले देखाएका छन् कि प्रारम्भिक बालविकास, आधारभूत शिक्षा र प्राथमिक स्वास्थ्य सेवामा गरिएको लगानीको प्रतिफल दीर्घकालीन रूपमा अत्यन्त उच्च हुन्छ। एउटा स्वस्थ र शिक्षित नागरिकले राज्यलाई कम बोझ र बढी योगदान दिन्छ। तर विडम्बना के छ भने, हामी अझै पनि परिणाम ढिला आउने भएकाले यी क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखिरहेका छौं।

### स्रोत अभाव कि प्राथमिकताको संकट?

निश्चय नै, स्थानीय तहको आर्थिक यथार्थ चुनौतीपूर्ण छ। विशेषगरी ग्रामीण र आर्थिक रूपमा कमजोर पालिकाहरू बलियो आन्तरिक राजस्व स्रोतको अभावसँग जुधिरहेका छन्। करको दायरा सीमित छ, आर्थिक गतिविधि कमजोर छन्, र संघीय सरकारबाट प्राप्त हुने समानीकरण तथा सशर्त अनुदानले सबै आवश्यकता सम्बोधन गर्न सक्दैन।

तर प्रश्न फेरि पनि उठ्छ–उपलब्ध सीमित स्रोतको प्राथमिकता कसरी निर्धारण भइरहेको छ?

कतिपय पालिकामा शिक्षा र स्वास्थ्यको बजेट न्यून रहँदा पनि कम प्राथमिकताका पूर्वाधार योजनामा उल्लेख्य खर्च भइरहेको भेटिन्छ। यसले समस्या केवल "स्रोत कम भयो" भन्नेभन्दा बढी "दृष्टिकोण कस्तो छ?" भन्ने प्रश्नतर्फ संकेत गर्छ। सीमित स्रोतको अवस्थामा अझ बढी विवेकपूर्ण प्राथमिकता आवश्यक हुन्छ। किनकि सबै कुरा एकैपटक गर्न सकिँदैन भने सबैभन्दा महत्वपूर्ण के हो भन्ने निर्णय नै नेतृत्वको परीक्षा हो।

### स्थानीय शिक्षा योजनाः नीति कागजमा सीमित?

नेपाल सरकारले स्थानीय तहलाई स्थानीय शिक्षा योजना (ायअर्बा भ्मगअबतष्यल एबिल- ाभ्ए) निर्माण गर्न स्पष्ट मार्गदर्शन दिएको छ। यसको उद्देश्य स्थानीय शैक्षिक आवश्यकता पहिचान गर्ने, सिकाइ उपलब्धि सुधार गर्ने, समावेशी शिक्षा सुनिश्चित गर्ने, शिक्षक व्यवस्थापन सुदृढ गर्ने र सीमित स्रोतलाई प्राथमिकताअनुसार प्रयोग गर्ने हो ।

तर भ्रमणका क्रममा देखिएको अवस्था उत्साहजनक थिएन। कतिपय पालिकामा यस्तो योजना निर्माण नै भएको छैन, कतै बनाइएको भए पनि कार्यान्वयनमा न्यून चासो देखिन्छ, र कतिपय स्थानमा योजना केवल औपचारिकता पूरा गर्ने दस्तावेजमा सीमित भएको आभास हुन्छ।

### यो अवस्था किन आयो?

एकातर्फ प्राविधिक जनशक्तिको अभाव छ भने अर्कोतर्फ कतिपय जिम्मेवार निकायमा "जे चलिरहेको छ, चल्न दिऊँ" भन्ने मानसिकता पनि देखिन्छ। शिक्षा जस्तो जटिल क्षेत्रमा तथ्यमा आधारित योजना, निरन्तर अनुगमन र राजनीतिक प्रतिबद्धता आवश्यक पर्छ। तर जब यसलाई प्रशासनिक औपचारिकताको रूपमा मात्र हेरिन्छ, त्यसको असर प्रत्यक्ष रूपमा विद्यालय र बालबालिकाको सिकाइमा पर्छ।

विशेषगरी मधेश प्रदेशका केही क्षेत्रमा विद्यालय छोड्ने दर, सिकाइ उपलब्धिको स्तर, बालविवाह, पोषणको अवस्था तथा लैंगिक असमानताजस्ता विषय अझै चुनौतीका रूपमा छन्। यस्तो अवस्थामा स्थानीय शिक्षा योजना केवल एउटा विकल्प होइन; आवश्यकता हो।

### स्वास्थ्य क्षेत्रको मौन संकट

शिक्षाजस्तै स्वास्थ्य क्षेत्रमा पनि संरचना र सेवाबीचको अन्तर देखिन्छ। कतिपय स्थानीय तहमा स्वास्थ्य चौकी भवन बनेका छन्, तर पर्याप्त स्वास्थ्यकर्मी छैनन्। औषधि आपूर्ति अनियमित छ। मातृ तथा शिशु स्वास्थ्य सेवा, पोषण, किशोर स्वास्थ्य, मानसिक स्वास्थ्य र रोकथाममुखी सेवाहरू अझै कमजोर छन्।

हामी अझै स्वास्थ्यलाई रोग लागेपछि उपचार गर्ने प्रणालीको रूपमा बढी हेर्छौं, जबकि सार्वजनिक स्वास्थ्यको मूल आधार रोग लाग्न नदिनु हो। सफा पानी, पोषण, खोप, जनचेतना, नियमित परीक्षण र प्राथमिक स्वास्थ्य सेवा बलियो भएमा दीर्घकालीन खर्च समेत घट्छ। तर यस्ता क्षेत्रमा लगानीको "दृश्य प्रभाव" कम हुने भएकाले प्राथमिकता कमजोर हुने गरेको देखिन्छ।

### संघीयताको आत्माः अधिकारसँगै जिम्मेवारी

संघीयताको उद्देश्य केवल अधिकार बाँडफाँड थिएन; जिम्मेवारीको विकेन्द्रीकरण पनि थियो। स्थानीय सरकारलाई अधिकार दिइनुको अर्थ स्थानीय नेतृत्वले आफ्ना नागरिकको दीर्घकालीन हितलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ भन्ने हो।

तर यदि स्थानीय सरकारहरू अल्पकालीन लोकप्रियतामा केन्द्रित हुने र दीर्घकालीन सामाजिक क्षेत्रमा लगानी गर्न हिच्किचाउने हो भने संघीयताको मूल उद्देश्य कमजोर हुन सक्छ। संघीयता सफल हुनु भनेको स्थानीय तहमा लोकतन्त्र मात्र पुगेको होइन; गुणस्तरीय सेवा र न्यायपूर्ण विकास पनि पुगेको हुनु हो।

यहाँ नागरिक समाज, सञ्चारमाध्यम, शिक्षक समुदाय र स्थानीय नागरिकको भूमिका पनि महत्वपूर्ण छ। जबसम्म नागरिकले शिक्षा र स्वास्थ्यलाई चुनावी मुद्दा बनाउँदैनन्, तबसम्म जनप्रतिनिधिहरूले पनि तत्काल देखिने कामलाई नै प्राथमिकता दिने सम्भावना रहन्छ।

### अबको बाटोः प्राथमिकिकरण

पूर्वाधार आवश्यक छैन भन्न खोजिएको होइन। सडक, पुल, भवन, सिँचाइ र सार्वजनिक संरचनाहरू विकासका महत्वपूर्ण आधार हुन्। तर प्रश्न सन्तुलनको हो। एउटा पालिकाले सडक बनाउँदा विद्यालयको गुणस्तर बिर्सिनु हुँदैन; भवन बनाउँदा स्वास्थ्य सेवाको प्रभावकारिता उपेक्षा गर्न मिल्दैन।

आज स्थानीय तहले आफूलाई एउटा प्रश्न सोध्नुपर्ने बेला आएको छ–हामी केवल संरचना बनाइरहेका छौं कि भविष्य पनि निर्माण गरिरहेका छौं?

किनकि एउटा राम्रो सडकले मानिसलाई गन्तव्यसम्म पुर्‍याउँछ, तर गुणस्तरीय शिक्षा र प्रभावकारी स्वास्थ्य सेवाले समाजलाई गन्तव्य निर्धारण गर्न सक्ने बनाउँछ।

अन्ततः शिक्षा र स्वास्थ्यमा गरिएको लगानी चुनावी चक्रभन्दा धेरै टाढासम्म प्रभाव पार्ने लगानी हो। यसको प्रतिफल तत्काल नदेखिएला, तर यही लगानीले गरिबी घटाउँछ, अवसर बढाउँछ, सामाजिक असमानता कम गर्छ र दीर्घकालीन समृद्धिको जग बसाल्छ।

संघीयताको वास्तविक सफलता कति किलोमिटर सडक बन्यो भन्नेमा मात्र मापन हुनु हुँदैन; कति बालबालिका सिकिरहेका छन्, कति आमा सुरक्षित छन्, कति नागरिक स्वस्थ र सक्षम छन् भन्नेमा पनि मापन हुनुपर्छ। नत्र हामी विकासको भ्रममा अल्मलिएर भविष्य कमजोर बनाइरहेका हुनेछौं।

(लेखक लामो समयदेखी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा शिक्षा विज्ञको रुपमा कृयाशिल हुनुहुन्छ ।)

# शैक्षिक वातावरणमा सुधार : समृद्ध नेपालको आधारशिला



ई. सत्यनारायण साह




कुनै पनि राष्ट्रको वास्तविक शक्ति केवल त्यसको प्राकृतिक स्रोत, भौतिक पूर्वाधार वा राजनीतिक संरचनाले मात्र निर्धारण गर्दैन । राष्ट्र कति सभ्य, समृद्ध र दूरदर्शी छ भन्ने कुरा त्यस देशको शिक्षणसंस्थाको अवस्था हेरेर सहजै अनुमान गर्न सकिन्छ । शिक्षणसंस्था केवल पढाइ हुने स्थान मात्र होइन, त्यो राष्ट्रको भविष्य निर्माण गर्ने प्रयोगशाला हो । त्यहींबाट देशले असल नागरिक, वैज्ञानिक, चिन्तक, उद्यमी, प्रशासक र नेतृत्वकर्ता प्राप्त गर्दछ । त्यसैले कुनै देशको समृद्धिको चर्चा गर्दा सबैभन्दा पहिला त्यसको शैक्षिक वातावरणको गहिरो अध्ययन आवश्यक हुन्छ ।

मानव सभ्यताको इतिहास हेर्दा पनि शिक्षा नै समाज परिवर्तनको मूल आधार बनेको पाइन्छ । पौराणिक कालमा आजजस्तो व्यवस्थित विद्यालय वा विश्वविद्यालय नहुँदा पनि गुरु-शिष्य परम्परामा आधारित शिक्षण प्रणालीले समाजलाई नैतिक, अनुशासित र ज्ञानयुक्त बनाएको थियो । त्यतिबेला शिक्षा केवल जीविकोपार्जनको साधन थिएन, जीवनलाई सही दिशामा डोर्याउने माध्यम थियो । गुरुहरूले केवल पाठ पढाउँदैनथे, चरित्र निर्माण गर्थे । त्यसैले समाजमा अनुशासन, मर्यादा र सामाजिक उत्तरदायित्वको भावना बलियो थियो ।

आजको विश्वमा पनि जुन राष्ट्रहरू आर्थिक, वैज्ञानिक र प्राविधिक रूपमा अग्रस्थानमा छन्, ती राष्ट्रहरूको सफलताको मूल कारण सुदृढ शिक्षण प्रणाली नै हो । अमेरिका, बेलायत, जापान, दक्षिण कोरिया वा चीनजस्ता राष्ट्रहरूले शिक्षालाई राष्ट्रिय प्राथमिकताको रूपमा लिए । उनीहरूले अनुसन्धान, नवप्रवर्तन र गुणस्तरीय शिक्षामा निरन्तर लगानी गरे । परिणामस्वरूप उनीहरूले विश्वलाई नेतृत्व गर्नसक्ने जनशक्ति उत्पादन गरे ।

भारतको उदाहरण पनि हाम्रो लागि अत्यन्त महत्वपूर्ण छ । स्वतन्त्रतापछि भारतीय नेतृत्वले शिक्षालाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा अघि बढायो । भारतीय प्राविधिक संस्थान (क्षक्त), व्यवस्थापन संस्थान (क्षक्ः) तथा अन्य प्रतिष्ठित विश्वविद्यालयहरू निर्माण गरेर उनीहरूले विश्वस्तरीय जनशक्ति उत्पादन गर्न सफल भए । आज संसारका ठूला प्रविधि कम्पनी, अनुसन्धान केन्द्र र अन्तर्राष्ट्रिय संस्थाहरूमा भारतीय मूलका विद्वानहरूले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । त्यो सफलता आकस्मिक होइन, शिक्षामा गरिएको दीर्घकालीन लगानीको परिणाम हो ।

नेपालमा पनि धेरै शिक्षणसंस्थाहरू स्थापना भए । विद्यालय, क्याम्पस र विश्वविद्यालयहरूको संख्या बढ्दै गयो । तर दुःखको कुरा, संस्थागत विकास अपेक्षाअनुसार हुन सकेन । संख्या बढे पनि गुणस्तर खस्किँदै गयो । कतिपय प्रतिष्ठित संस्थाहरू समेत क्रमशः कमजोर हुँदै गए । अझ गम्भीर कुरा के छ भने शिक्षणसंस्थाहरू ज्ञान र अनुसन्धानको केन्द्र बन्नुभन्दा राजनीतिक प्रभावको अखाडा जस्ता देखिन थाले ।

आज अधिकांश शिक्षणसंस्थामा शैक्षिक वातावरणभन्दा राजनीतिक प्रभाव बढी देखिन्छ । विद्यार्थी संगठनहरू शैक्षिक सुधारभन्दा राजनीतिक शक्ति प्रदर्शनमा केन्द्रित भएको अनुभूति हुन्छ । शिक्षक, कर्मचारी र प्रशासन समेत कुनै न कुनै राजनीतिक विचारधाराबाट प्रभावित देखिन्छन् । विश्वविद्यालयहरू स्वतन्त्र शैक्षिक केन्द्र बन्न नसकेर राजनीतिक हस्तक्षेपको चपेटामा परेका छन् । यस्तो अवस्थामा शिक्षा प्रणालीले देशलाई आवश्यक पर्ने रचनात्मक, अनुसन्धानमुखी र नैतिक जनशक्ति कसरी उत्पादन गर्न सक्छ ?

राजनीति स्वयंमा खराब कुरा होइन । स्वस्थ राजनीति राष्ट्र निर्माणको महत्वपूर्ण आधार हो । तर शिक्षणसंस्थालाई प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको मैदान बनाइनु अत्यन्त हानिकारक कुरा हो । शिक्षालयमा वैचारिक बहस, लोकतान्त्रिक चेतना र नेतृत्व विकास हुनुपर्छ, तर त्यो शिक्षा र अनुशासनको सीमाभित्र हुनुपर्छ । जब शिक्षाको मूल उद्देश्यभन्दा राजनीतिक स्वार्थ हावी हुन्छ, तब अध्ययन, अनुसन्धान र नैतिकताको वातावरण कमजोर बन्न थाल्छ ।

नेपालको अर्को ठूलो समस्या भनेको "शिक्षा र रोजगारीबीचको सम्बन्ध" कमजोर हुनु हो । धेरै विद्यार्थी डिग्री हासिल गरेपछि पनि आफूलाई सक्षम र प्रतिस्पर्धी महसुस गर्न सक्दैनन् । शिक्षाले व्यवहारिक सीप, अनुसन्धान क्षमता र उद्यमशीलता विकास गर्न सकेको छैन । परिणामस्वरूप हजारौं युवाहरू विदेश पलायन भइरहेका छन् । यो केवल आर्थिक समस्या होइन, राष्ट्रिय क्षमताको क्षय पनि हो ।

आज आवश्यकता केवल नयाँ भवन बनाउने वा कानुनी रूपमा नयाँ विश्वविद्यालय खोल्ने होइन । वास्तविक आवश्यकता भनेको शिक्षणसंस्थालाई गुणस्तरीय, अनुसन्धानमुखी र नैतिक केन्द्रको रूपमा विकास गर्नु हो । त्यसका लागि केही आधारभूत सुधार अनिवार्य छन् ।

सबैभन्दा पहिले शिक्षालाई राजनीतिक हस्तक्षेपबाट यथासम्भव मुक्त गरिनुपर्छ । विश्वविद्यालय र शिक्षणसंस्थाको नेतृत्व योग्य, अनुभवी र निष्पक्ष व्यक्तिबाट हुनुपर्छ । नियुक्ति प्रक्रिया पारदर्शी र क्षमतामा आधारित हुनुपर्छ ।

दोस्रो, शिक्षण प्रणालीलाई व्यवहारिक र अनुसन्धानमुखी बनाउनुपर्छ । केवल सैद्धान्तिक ज्ञानले मात्र आधुनिक विश्वमा प्रतिस्पर्धा गर्न सकिँदैन । विज्ञान, प्रविधि, नवप्रवर्तन, उद्यमशीलता र नैतिक शिक्षालाई विशेष प्राथमिकता दिन आवश्यक छ ।

तेस्रो, शिक्षकको क्षमता अभिवृद्धिमा गम्भीर ध्यान दिनुपर्छ । गुणस्तरीय शिक्षा बिना गुणस्तरीय शिक्षक सम्भव छैन । शिक्षकलाई सम्मान, अनुसन्धान अवसर र आवश्यक स्रोत उपलब्ध गराइनुपर्छ ।

चौथो, शिक्षणसंस्थामा अनुशासन, नैतिकता र सामाजिक उत्तरदायित्वको वातावरण निर्माण गरिनुपर्छ । विद्यार्थीलाई केवल परीक्षा उत्तीर्ण गराउने होइन, जिम्मेवार नागरिक बनाउने लक्ष्य हुनुपर्छ ।

पाँचौं, राज्यले शिक्षामा पर्याप्त लगानी गर्नुपर्छ । विकसित राष्ट्रहरूले शिक्षालाई खर्च होइन, भविष्यको लगानी मानेका छन् । नेपालले पनि यही दृष्टिकोण अपनाउन आवश्यक छ ।

हामीले एउटा महत्वपूर्ण सत्य बुझ्नुपर्छ–देशको समृद्धि केवल नाराले सम्भव हुँदैन । समृद्ध राष्ट्र निर्माण गर्न समृद्ध सोच भएका नागरिक आवश्यक पर्छन्, र त्यस्ता नागरिक निर्माण गर्ने काम शिक्षणसंस्थाले गर्छन् । यदि शिक्षणसंस्थाहरू कमजोर भए भने राजनीति पनि सही दिशामा जान सक्दैन, प्रशासन प्रभावकारी बन्न सक्दैन र समाजमा नैतिकता टिक्न सक्दैन ।

आज नेपाल परिवर्तनको महत्वपूर्ण मोडमा उभिएको छ । नयाँ पुस्तामा ऊर्जा, सम्भावना र सिर्जनशीलता छ । आवश्यकता केवल सही दिशानिर्देशनको हो । देशका राजनीतिक नेतृत्व, नीति निर्माता, शिक्षक, अभिभावक र सम्पूर्ण समाजले शिक्षालाई राष्ट्रिय प्राथमिकताको विषय बनाउन सके मात्र नेपालले वास्तविक समृद्धिको यात्रा तय गर्न सक्छ ।

अन्ततः, शैक्षिक वातावरणमा सुधार कुनै एक क्षेत्रको सुधार मात्र होइन, त्यो राष्ट्रको भविष्य सुधार गर्ने अभियान हो । यदि हामीले आज शिक्षालाई सही दिशा दिन सक्यौं भने भोलिको नेपाल ज्ञान, नैतिकता, अनुसन्धान र समृद्धिको मार्गमा दृढतापूर्वक अघि बढ्न सक्छ । अन्यथा "समृद्ध नेपाल" केवल भाषण र राजनीतिक नारामा सीमित हुने खतरा रहिरहनेछ । त्यसैले समयमै शिक्षालाई राष्ट्र निर्माणको मूल आधारको रूपमा स्वीकार गरी व्यवहारिक सुधारतर्फ अग्रसर हुनु आजको अपरिहार्य आवश्यकता हो ।

# 'दीर्घकालीन योजनामा स्थानीय सरकार केन्द्रित हुनुपर्छ'

काठमाण्डु । पराराष्ट्रमन्त्री शिशिर खनालले अल्पकालीन राजनीतिभन्दा दीर्घकालीन योजनामा स्थानीय सरकार केन्द्रित हुनुपर्ने बताउनुभएको छ। टोखा नगरपालिकाले आइतबार आयोजना गरेको आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि सल्लाह, सुभाव सङ्कलन कार्यक्रममा उहाँले दीर्घकालीन योजना निर्माणमा स्थानीय सरकार केन्द्रित हुनुपर्ने बताउनुभएको हो।

उहाँले अबको समय राजनीतिक लाभभन्दा माथि उठेर काम गर्ने बेला आएको उल्लेख गर्नुभयो । "अबको २०/२५ वर्षपछिको पुस्ताले पनि सम्भिने गरी काम गर्ने अवसर अहिलेको स्थानीय तहका जनप्रतिनिधिमा छ, त्यसैले अल्पकालीन राजनीतिभन्दा दीर्घकालीन योजनामा केन्द्रित हुनुहोस्," उहाँले भन्नुभयो।

काठमाण्डु क्षेत्र नं ६ का सांसदसमेत रहनुभएका मन्त्री खनालले टोखाको दक्षिणी भेग निकै बाक्लो बस्तीले भरिएको र उत्तरी भेगमा अझै पनि खुला जमिन बाँकी रहेको भन्दै व्यवस्थित सहर निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले टोखाको ऐतिहासिक नेवारी बस्ती र शनिबार लाग्ने बजारलाई व्यवस्थित गर्दै पर्यटन प्रवर्द्धन गर्न जरुरी रहेको उल्लेख गर्नुभयो। टोखामा घरबास 'होमस्टे' विकास गर्न सकिने उहाँको भनाइ थियो।



मन्त्री खनालले टोखा-छहरे सुरुङ मार्ग विस्तार गर्दा टोखाको धेरै बस्ती मापदण्डका कारण समस्यामा पर्ने भएकाले यसको विकल्प खोज्नुपर्ने बताउनुभयो। साइला खोला करिडोर र विष्णुमती खोला करिडोरलाई उक्त राजमार्गको वैकल्पिक मार्गका रूपमा विकास गर्दा कम लागत र कम क्षतिमा अन्तरराष्ट्रिय मापदण्डको सडक बनाउन सकिने उहाँको भनाइ छ। उहाँले नगरपालिकालाई थप प्रविधिमैत्री बनाउन कर तिर्नेदेखि सामान्य सिफारिस लिने काम घरबाटै गर्न सकिने गरी 'डिजिटल' प्रणाली लागू गर्नुपर्ने बताउनुभयो।

बागमती प्रदेशकी सांसद एवम् पूर्वमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले जनताले स्थानीय सरकारसँग धेरै अपेक्षा गरेको भन्दै आफ्नो स्रोत र साधनले भ्याएसम्म जनतालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम बनाउनुपर्ने बताउनुभयो।

सांसद श्रेष्ठले विकासको काममा कसैले पनि राजनीति गर्न नहुने उल्लेख गर्नुभयो। पूर्वमन्त्री डा वंशीधर मिश्रले संविधानले दिएको अधिकारअनुसार कानुन निर्माण गरी कार्यान्वयनमा जानुपर्ने बताउनुभयो। उहाँले स्थानीयको इच्छा आकाङ्क्षाअनुसार स्थानीय सरकारले काम गर्नुपर्ने उल्लेख गर्नुभयो। टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले जनताले दिएको राय, सुभाव र सल्लाहलाई ग्रहण गर्दै नगरपालिकाले आगामी वर्षको नीति तथा कार्यक्रम बनाउने उल्लेख गर्नुभयो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईले नगरपालिकाले सामाजिक विकासलाई विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो । उहाँले नगरपालिकाले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम, स्वास्थ्य जाँचका लागि मेयर दीर्घायु कार्यक्रम, बाल पोषण भत्ता कार्यक्रम, सार्वजनिक जग्गा संरक्षण, विभिन्न खोलामा 'करिडोर' निर्माणलगायत कामहरू गरेको बताउनुभयो। एक लाख ३७ हजार जनसङ्ख्या भएको टोखामा हाल ११ वडा रहेका छन्। रासस

# विशेष महाधिवेशनबाट छुटेका नेताहरुलाई सँगै लिएर काम गर्न चाहन्छु: सभापति थापा

काठमाण्डु । नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापाले पार्टीको विशेष महाधिवेशनबाट छुटेका नेताहरूलाई सँगै लिएर काम गर्न चाहेको बताउनुभएको छ।

'प्रजातान्त्रिक विचार समाज'को स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित 'समसामयिक राजनीतिमा नेपाली काङ्ग्रेसको भूमिका' विषयक कार्यक्रममा सभापति थापाले विशेष महाधिवेशनमा छुटेका नेताहरूलाई केन्द्रीय समिति र अन्य समितिमा समेट्ने बताउनुभयो।

"पार्टीको १४औँ महाधिवेशनबाट निर्वाचित भएका नेताको ठूलो पङ्क्ति बाहिर छ, १४औँ महाधिवेशनबाट निर्वाचित नेताहरु जो हुनुहुन्न मेरो समितिभित्र, म अहिलेको केन्द्रीय समितिभित्र ल्याएर मानका साथ वरिष्ठ नेता बनाउनुपर्नेलाई वरिष्ठ नेता, जसलाई जे ठाउँमा राखेर हुन्छ म उहाँहरूलाई सँगै राखेर काम गर्न चाहन्छु", सभापति थापाले भन्नुभयो।

सभापति थापाले पार्टीको १५औँ महाधिवेशनको मिति तय भएको र प्रेमबहादुर खड्काको अध्यक्षतामा निर्वाचन समिति बनेको उल्लेख गर्दै त्यसमा अरुलाई पनि समेट्न आफू तयार रहेको बताउनुभयो। उहाँले महामन्त्री प्रदीप पौडेलको नेतृत्वमा सदस्यता जाँचबुझ समिति रहेको स्मरण गराउँदै त्यसमा पनि थप सदस्य राख्न आफू तयार रहेको बताउनुभयो।

अनुशासन समितिको नेतृत्व तारामान गुरुङले गरेको जानकारी दिँदै उहाँले त्यसमा पनि कतिपय सदस्य समेट्न सकिने बताउनुभयो। पार्टीभित्रका नेतालाई अवसर दिने विषयमा आफू प्रष्ट रहेको उल्लेख गर्दै सभापति थापाले भन्नुभयो, "को विशेष महाधिवेशनबाट आएको हो, को आएको थिएन भन्ने आधारमा पार्टीभित्र अवसर प्राप्त गर्ने कुरा हुँदैन।"

देशभर रहेका क्रियाशील सदस्यलाई पार्टीको सदस्यता अद्यावधिक गर्नसमेत सभापति थापाले आग्रह गर्नुभयो।




पार्टीका महामन्त्री प्रदीप पौडेलले संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्णरूपमा उत्तरदायी हुनुपर्नेमा नभएको गुनासो गर्नुभयो। ठूलो जनसमर्थनका साथ गठन भएको वर्तमान सरकार छोटो समयमै प्रश्नहरूको घेरामा पर्नु चिन्ताजनक विषय भएको उहाँको भनाइ थियो। राजस्व अनुसन्धान, सम्पत्ति शुद्धिकरण तथा विशेष अनुसन्धान जस्ता संवेदनशील निकायलाई प्रधानमन्त्री केन्द्रित नबनाउन महामन्त्री पौडेलले सुझाव दिनुभयो।

काङ्ग्रेस नेता अर्जुननरसिंह केसीले संविधान संशोधनका लागि पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधान संशोधनका लागि सुझाव दिन आयोग गठन गरिनुपर्ने बताउनुभयो। उहाँले आयोगले संसद्भित्र र बाहिर रहेका सबै राजनीतिक पक्षलाई संयोजन गरेर सुझाव दिनुपर्ने उल्लेख गर्नुभयो। संविधानको कुनै पार्टीका इच्छा मात्र नेतृत्व गर्नु नहुने र राष्ट्रिय बहस आवश्यक रहेको नेता केसीको भनाइ थियो।

"कुनै पूर्वप्रधानन्यायाधीशको अथवा राष्ट्रले चिनेको संविधानविद् र विज्ञको संयोजकत्वमा संविधान सुधार सुझाव आयोग गठन होस्, संविधानले कुनै पार्टीका इच्छा र अभिमतलाई मात्र नेतृत्व नगरी व्यवहारमा देखिएका त्रुटि कमजोरी समेतलाई केन्द्र बिन्दुमा राखेर संविधानबारे राष्ट्रिय रूपमा बहस चलाउनुपर्छ", नेता केसीले भन्नुभयो।समाजका अध्यक्ष कुलचन्द्र वाग्लेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संविधानविद् विपीन अधिकारी, कूटनीतिक व्यक्तित्व शम्भुराम सिंखडा, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेल, समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसी, समाजका पूर्वअध्यक्ष हरिहर दाहाल, प्रजातन्त्रवादी कानुन व्यवसायी सङ्घका अध्यक्ष सीताराम केसी र शेरबहादुर केसी, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, वरिष्ठ पत्रकार गोकर्ण अर्याल, डा वासुदेव भण्डारीलगायतले मुलुकको समसामयिक राजनीतिमा विभिन्न नेपाली काङ्ग्रेसले खेल्नुपर्ने भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो। रासस

# कमजोरी स्वीकार्दै जनतासमक्ष प्रस्तुत हुन उपाध्यक्ष पौडेलको आग्रह




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले आफ्ना तर्फबाट भएका भूल-त्रुटि र गल्ती-कमजोरीहरू स्वीकार गर्दै जनतासमक्ष आत्मालोचक भएर प्रस्तुत हुन एमाले पङ्क्तिलाई आग्रह गर्नुभएको छ।

तेत्तिसौँमदन-आश्रित स्मृति दिवसका अवसरमा उपाध्यक्ष पौडेलले जनताको बहुदलीय जनवादको मर्मलाई ठीक ढङ्गले आत्मसात् गर्दै गुमेको जनताको विश्वास पुनः प्राप्त गर्न र नेकपा (एमाले)लाई राष्ट्रिय राजनीतिको निर्णायक शक्तिको भूमिकामा पुनःस्थापित गर्न दृढ सङ्कल्प गर्नुपर्नेमा जोड दिनुभयो।

"यतिबेला नेपाली कम्युनिष्ट आन्दोलन इतिहासकै सबैभन्दा ज्यादा अप्ठ्यारो मोड र रक्षात्मक अवस्थामा आइपुगेको छ । हामीले राष्ट्रिय राजनीति र पार्टीको आन्तरिक जीवनमा जनताको बहुदलीय जनवादबाट ठीक ढङ्गले निर्देशित हुन सक्यौँ वा सकेनौँ भनेर वस्तुनिष्ठ समीक्षा गर्न विलम्ब भइसकेको छ," उपाध्यक्ष पौडेलले भन्नुभएको छ। रासस

# राजनीतिक दलबीच परस्पर संवाद भइरहनुपर्छ: महासचिव पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले संसदीय प्रणालीमा राजनीतिक दलहरूबीच परस्पर संवाद भइरहनुपर्ने बताउनुभएको छ।

तेत्तीसौँ मदन-आश्रित दिवसका अवसरमा 'मदन-आश्रित प्रतिष्ठान'द्वारा आज यहाँ आयोजित 'जनताको बहुदलीय जनवाद (जबज) र युवा' विषयक विचार गोष्ठीमा महासचिव पोखरेलले अहिले यस प्रणालीको राजनीतिक चरित्रअनुसार दलहरूबीच जनताका समस्या समाधानमा उचित संवाद हुन नसकेको बताउनुभयो । उहाँले राज्यका तीन अङ्गबीच उचित समन्वय हुन नसकेको टिप्पणी गर्नुभयो।

महासचिव पोखरेलले सूचना प्रविधि र शिक्षामा युवालाई जोड्न आफूहरूले मेहनत गर्ने बताउनुभयो। उहाँले जनताका बीचमा प्रतिस्पर्धाबाट श्रेष्ठता र शान्तिपूर्ण सङ्घर्षबाट परिवर्तनको अनुभूति दिन सक्नुपर्ने उल्लेख गर्दै गत निर्वाचनको हारबाट पाठ सिकेर फेरि जनमखी नीतिका साथ जनताका बीचमा जाने योजना रहेको बताउनुभयो।



प्रतिष्ठानका अध्यक्ष प्रदीपकुमार ज्ञवाली, एमाले संसदीय दलका प्रमुख सचेतक ऐनबहादुर महर, राष्ट्रिय युवा सङ्घ नेपालका उपाध्यक्ष विनायक शाह, नेपाल ल क्याम्पसका स्ववियु सभापति समीर रिजाल, सूचना प्रविधि विज्ञ ई रमेश पौडेललगायतले युवाभावलाई मनन् गरेर सरकार र राजनीतिक दलले काम गर्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँहरुले जननेता मदनकुमार भण्डारीले प्रतिपादन गरेको जबजका जगमा युवाहरूलाई सही राजनीतिको धारमा अग्रसर गराउन सक्नुपर्ने बताउनुभयो। कार्यक्रममा प्रतिष्ठानको वार्षिक मुखपत्र विमोचन गरिएको थियो। रासस

# 'देशी विदेशी शक्तिले एमालेलाई सखाप पार्ने अभियान चलाएका छन्'

काठमाण्डु । नेकपा (एमाले) का उपाध्यक्ष एवं संसदीय दलका नेता रामबहादुर थापा बादलले देशी विदेशी शक्तिहरूले पार्टी नेतृत्व र अध्यक्ष केपी शर्मा ओलीलाई सखाप पारेर जाने अभियान सञ्चालन गरेको दाबी गरेका छन् । साथै उनले नेतृत्वको रक्षा गरेर अघि बढ्नुपर्ने जिम्मेवारी सिङ्गो पार्टी पङ्क्तिको काँधमा आएको बताएका छन्।

आइतवार मदन आश्रित स्मृतिसभाको अवसर पारेर काठमाडौँको बल्खुस्थित मदन नगरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले जेनजी आन्दोलन, निर्वाचन, सरकार, सरकारका निर्णय,पार्टी अध्यक्ष ओलीमाथि भइरहेका षडयन्त्रहरूलाई हेर्दा ती सबै घटनाहरूमा दासढुंगा हत्याकाण्ड नै निरन्तरताको रूपमा रहेको दाबी समेत गरे।

उनले भने- 'अहिले सरकारले ल्याएको अध्यादेश हेर्नुस्, मन्त्रिपरिषद्ले गरेको निर्णयहरू हेर्नुस् । हाम्रो अध्यक्षको गिरफ्तारीलाई हेर्नुस् । उहाँमाथि लगाइएका मुद्दाहरूको प्रकृतिलाई हेर्नुस् । यी सबै घटनाहरू के हुन् ? यी सबै घटनाहरू दासढुंगा घटनाकै निरन्तरता हुन् । त्यसैको एउटा शृंखलाको रूपमा हामीले बुझ्नुपर्दछ । त्यसैले आज नेकपा एमालेको पछाडि एउटा गम्भीर कार्यभारहरू उपस्थित भएको छ।'



उनले थप भने, ' यी सबै घटनाक्रमहरू दासढुंगादेखि यहाँसम्मका घटनाक्रमहरूले हामीलाई के सङ्केत गरेको छ भने नेकपा एमालेको रक्षाको निम्ति देशी विदेशी शक्तिहरूले जसरी नेकपा एमालेलाई सखाप पार्ने, समाप्त पार्ने जो अभियान उनीहरूले सञ्चालन गरेका छन् । नेकपा एमाले र त्यसको नेतृत्वलाई रक्षा गर्ने एउटा गम्भीर ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आएको छ।'

उपाध्यक्ष थापाले एमाले र नेतृत्वमाथि जुन निरन्तर आक्रमण भइरहेकाले त्यसको विरुद्ध सचेत भएर लाग्नुपर्ने बेला आएको पनि बताए। रासस

# 'सरकारको नियत सही देखिएन, प्रतिवाद गर्छौं'

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले सरकारका गलत कदमविरुद्ध सडक र सदनबाट प्रतिवाद गर्ने चेतावनी दिएका छन्।

वीरेन्द्रनगरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले सरकारमाथि विभिन्न खालका संशय र प्रश्नहरू रहेकाले समर्थन गर्न नसकिने बताए।

संविधान संशोधन बहसपत्र कार्यदलको काम, विद्यार्थी र कर्मचारी ट्रेड युनियन खारेजी, अध्यादेश लगायतका कारण सरकारको नियत सही नदेखिएको उनले टिप्पणी गरे।

'सरकारका पछिल्ला गतिविधिको समर्थन गर्न सकिने अवस्था छैन,' उनले भने, 'बरु विरोध, प्रतिवाद गर्नुपर्ने, जनताको तहबाट आवाज उठाउनुपर्ने धेरै कुरा छन् । हामी सडक र सदनबाटै प्रतिवाद गर्छौं ।'

उनले लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा र यसको परिमार्जनको निम्ति आफ्नो ठाउँबाट सरकारले राम्रो काम गर्दा रचनात्मक ढङ्गले सहयोग गर्ने पनि बताए। 'सुरुमा कयौँ कुरा ठिकै छन् पनि भनेको हो । तर जब सरकारका अनेक गतिविधि अगाडि बढ्न थाले, समर्थन गर्न सकिने केही पनि देखिएन,' उनले भने। पछिल्लो समय देशको राजनीति र सरकार सही ट्र्याकमा नरहेको समेत उनले बताए । 'आफैँले सदन बोलाउने, आफ्नो दुई-तिहाइ भन्दै छ, नियमित प्रक्रियाबाटै विधेयकहरू ल्याउन सकिन्छ, त्यो बाटो छोडेर सदनलाई छलेरअध्यादेशको बाटो जाने लाजमर्दो कुरा पनि हो,' प्रचण्डले भने, 'त्यसको पनि हामीले प्रतिवाद गरिनै राखेका छौँ ।'



सुकुमवासीहरूको समस्या समाधान नहुँदा यसले गम्भीर प्रकृतिको समस्या आउने सक्ने प्रचण्डको ठहर छ।

फरक प्रसङ्गमा उनले संविधान संशोधनको निम्ति सरकारले तयार पारेको बहस पत्र पनि पारदर्शी तरिकाले अगाडि नआएको बताए । 'त्यो पनि आफैँमा एउटा गम्भीर छलफलको विषय बनिराख्या छ,' उनले भने।

संयोजक प्रचण्डले वाम एकताका लागि पनि छलफल चलिरहेको समेत बताए। नेपालमा कम्युनिस्ट पार्टीहरूको ठूलो जनमत रहेको भन्दै त्यसलाई वाम एकता मार्फत एकत्रित गर्ने बताए। संयोजक प्रचण्डले भने, 'जनताले देशको स्थिति हेरेर मत परिवर्तन गर्छन्, हिजो नेकपालाई गरे, आज रास्वपा लाई गरे' उनले भने, 'यो स्वाभाविक हो । वाम एकताले नै वामपन्थी जनमतलाई एक गर्ने आधारहरू पनि छन्।'

# पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधान सुधार सुझाव आयोग गठन हुनुपर्छ

टुडे समाचारदाता



काठमाण्डुनेपालीकाङ्ग्रेसका नेता अर्जुननरसिंह केसीले पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा संविधान सुधार सुझाव आयोग गठन हुनुपर्ने सुझाव दिएका छन् । सो आयोगले संसदभित्र रहेका राजनीतिक दल र बाहिर रहेका सबै पक्षलाई संयोजन गरेर सुझाव दिनुपर्ने उनको भनाइ छ।

आइतबार प्रजातात्रिक विचार समाजले काठमाडौंमा आयोजना गरेको 'समसायिक राजनीतिमा नेपाली काङ्ग्रेसको भूमिका' सम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता केसीले भने, ' एउटा कुनै पूर्वप्रधानन्यायाधीशको अथवा त्यतिकै राष्ट्रले चिनेको संविधानविद्/विज्ञको संयोजकत्वमा संविधान सुधार सुझाव आयोग गठन होस्।'

संविधानले कुनै पार्टीका इच्छा र अभिमतलाई मात्र नेतृत्व गर्नु नहुने नबताउँदै उनले व्यवहारमा देखिएका त्रुटि कमजोरी समेतलाई केन्द्रविन्दुमा राखेर संविधानबारे राष्ट्रिय रुपमा बहस चलाउनुपर्ने आवश्यकता औंल्याए।

यस विषयमा आफूले पार्टी सभापति र महामन्त्रीलाई समेत सुझाव दिइसकेको बताउँदै केसीले भने, 'अब पार्टीले कसरी टेकअफ गर्छ यो मलाई थाहा छैन।'

देश द्वन्द्वमा फस्न सक्ने सम्भावना रहेको भन्दै उनले राष्ट्रिय एकताको खाँचो औंल्याए । ' अहिले नेपाल भ्रष्टै-भ्रष्टै वैश्विक राजनीतिक केन्द्रको द्वन्द्व थलोको केन्द्रको ककपिट भन्छ नि त्यो ढंगले विकसित भएको छ,' केसीले भने, 'समग्र राष्ट्रिय एकता अहिले नेपालको आवश्यकता हो।'

# मदन-आश्रितप्रति श्रद्धाञ्जली



काठमाण्डु । तेत्तिसौंमदन-आश्रित स्मृति दिवसका अवसरमा आइतबार नेकपा (एमाले) ले मदननगर बल्खुमा आयोजना गरेको स्मृतिसभामा दिवंगत नेताद्वय मदनकुमार भण्डारी र जीवराज आश्रितप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको छ।

एमालेका तत्कालीन महासचिव भण्डारी र सङ्गठन विभाग प्रमुख आश्रितको तस्विरमा नेताहरूले श्रद्धाञ्जली अर्पण गर्नुभएको हो। कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, उपाध्यक्षहरु रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, गोकर्णराज विष्ट, महासचिव शङ्कर पोखरेल, नेताहरु ईश्वर पोखरेल, केशव बडाल, युवराज ज्ञवाली, अमृतकुमार बोहरा, अष्टलक्ष्मी शाक्यलगायत सहभागी हुनुभयो।

स्मृति दिवसका अवसरमा आज एमालेका अध्यक्ष केपी शर्मा ओलीले शोकसन्देश प्रकाशन गरेर नेताद्वयको विचार, योगदान र सङ्घर्षलाई सम्झँदै अघि बढ्न आह्वान गर्नुभएको थियो। स्मृति दिवसका अवसरमा आज एमालेले विभिन्न कार्यक्रमको आयोजना गरिरहेको छ।

जननेता भण्डारी र नेता आश्रितको वि.सं. २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा भएको सवारी दुर्घटनामा निधन भएको थियो। जनताको बहुदलीय जनवाद (जबज) प्रतिपादन गरेका कारण नेपालमा कम्युनिष्ट पार्टीको लोकतान्त्रिकरणका सवालमा नेता भण्डारीको योगदानलाई उल्लेखनीय मानिन्छ। रासस

# चीनले अन्तरिक्ष यात्राका लागि नयाँ अभियान सुरु गर्दै

रासस/एएफपी । चीनले नयाँ मानवसहित अन्तरिक्ष अभियानका लागि अन्तरिक्षयान प्रक्षेपणको तयारी पूरा गरेको जनाएको छ।

शुक्रबार सार्वजनिक गरिएको जानकारीअनुसार अन्तरिक्षयान र त्यसलाई अन्तरिक्षमा लैजाने वाहक रकेटलाई उत्तरपश्चिम चीनस्थित जिउछ्वान उपग्रह प्रक्षेपण केन्द्रको प्रक्षेपण क्षेत्रमा सफलतापूर्वक स्थानान्तरण गरिएको छ।

चिनियाँ अधिकारीहरूले प्रक्षेपणका लागि आवश्यक प्राविधिक परीक्षण, उपकरण जाँच तथा अन्तिम तयारीहरू भइरहेको बताएका छन् । मौसम अवस्था र प्राविधिक मूल्याङ्कनपछि उपयुक्त समयमा प्रक्षेपण गरिने जनाइएको छ।

यो अभियान चीनको अन्तरिक्ष कार्यक्रमको अर्को महत्वपूर्ण चरण मानिएको छ।

यसमार्फत अन्तरिक्ष यात्रीहरूलाई चीनको अन्तरिक्ष केन्द्रमा पठाइने अपेक्षा गरिएको छ। चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै आफ्नै अन्तरिक्ष केन्द्र सञ्चालन गरिरहेको छ र नियमित रूपमा मानवसहित अन्तरिक्ष अभियान सञ्चालन गर्दै आएको छ । जिउछ्वान प्रक्षेपण केन्द्र चीनको प्रमुख अन्तरिक्ष प्रक्षेपण स्थलमध्ये एक हो, जहाँबाट अधिकांश मानवसहित अन्तरिक्ष अभियान प्रक्षेपण गरिन्छ । अभियान सफल भएमा चीनको अन्तरिक्ष अनुसन्धान तथा दीर्घकालीन अन्तरिक्ष योजनामा थप उपलब्धि हासिल हुने विश्वास गरिएको छ।



# यूएई र रुसका राष्ट्रपतिबीच मध्यपूर्वको अवस्थाबारे टेलिफोन वार्ता



रासस/एएफपी । संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायेद अल नाहयान र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबीच मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो अवस्थाबारे टेलिफोन संवाद भएको छ । दुवै नेताले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा पर्न सक्ने प्रभावबारे गम्भीर छलफल गर्नुभएको बताइएको छ।

संयुक्त अरब इमिरेट्सको सरकारी समाचार संस्थाका अनुसार दुई नेताले विशेषगरी मध्यपूर्वको परिस्थितिले समुद्री मार्गको स्वतन्त्रता, ऊर्जा सुरक्षा तथा विश्व अर्थतन्त्रमा पार्न सक्ने असरबारे विचार आदानप्रदान गर्नुभएको थियो।

वार्ताका क्रममा दुवै देशबीचको द्विपक्षीय सहयोग तथा रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने विषयमा पनि छलफल भएको जनाइएको छ । दुवै नेताले आपसी सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको समाचारमा उल्लेख छ।

यसैबीच, राष्ट्रपति पुटिनले रुस र युक्रेनबीच कैदी आदानप्रदान गराउन संयुक्त अरब इमिरेट्सले गर्दै आएको मध्यस्थता प्रयासको प्रशंसा गर्नुभएको छ। उहाँले उक्त पहललाई मानवीय दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण रहेको बताउनुभएको समाचार संस्थाले जनाएको छ।

# सहिद हेमनारायण गोल्डकप प्रतियोगिता जेठ ८ गतेदेखि

सिरहा । सिरहामा यही जेठ ८ गतेदेखि चौथो संस्करणको 'सहिद हेमनारायण गोल्डकप फुटबल प्रतियोगिता-२०८३' सञ्चालन हुने भएको छ । स्थानीय सलहेश युवा क्लबको आयोजना, सिरहा नगरपालिकाको मुख्य आर्थिक सहयोग र जिल्ला फुटबल सङ्घ सिरहाको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन हुन लागेको हो।

आयोजकले प्रतियोगिताको खेल तालिकासमेत सार्वजनिक गरिसकेको छ । सिरहा नगरपालिका-३ मखनाहास्थित शंकर खेल मैदानमा हुने उद्घाटन खेलमा चात्या सा फुटबल क्लब झापा र गोलबजार युनाइटेड क्लब गोलबजारबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

'युवाको सम्मान, सलहेश नगरी सिरहाको पहिचान, फुटबल खेल हाम्रो अभियान' भन्ने नाराका साथ आयोजना हुन लागेको यस प्रतियोगितामा स्थानीय, राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका गरी आठ टोलीको सहभागिता रहने आयोजक सलहेश युवा क्लबका अध्यक्ष राजीव यादवले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष केही नयाँ टोलीहरूलाई समेत समावेश गरिएकाले प्रतियोगिता थप प्रतिस्पर्धात्मक र रोचक हुने अपेक्षा गरिएको छ।




प्रतियोगितामा आयोजक सलहेश युवा क्लब सिरहासहित रिफ्स काठमाडौं, पथरी-११ एफसी मोरङ, गाईघाट युनाइटेड उदयपुर, गोल्डेन स्टार युथ क्लब भलुवा सुनसरी र भारतको माँ कामाख्या स्पोर्ट्स क्लब बक्सर (बिहार) ले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको फाइनल खेल गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते हुनेछ।

आयोजकका अनुसार, प्रतियोगिताको विजेता टोलीले नगद रु तीन लाखसहित रनिङ ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद रु एक लाख ५० हजार, ट्रफी, पदक र प्रमाणपत्र पाउनेछ।

सिरहा जिल्लाकै प्रतिष्ठित र ठूलो खेल उत्सवको रूपमा हेरिएको यस प्रतियोगितालाई मधेश प्रदेशमा फुटबल खेलको विकास, युवा प्रतिभाको पहिचान तथा खेल पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यमको रूपमा लिइएको छ । रासस

# जलवायु परिवर्तनका कारण विश्वका नदीहरूमा अक्सिजन तीव्र रूपमा घट्दै : अध्ययन

रासस/एएफपी । नयाँ अध्ययनले जलवायु परिवर्तनका कारण विश्वभरका नदीहरूमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको देखाएको छ, जसले ताजा पानीका लागि गम्भीर जोखिम सिर्जना गरेको छ।

यो अध्ययन 'साइन्स एडभान्सेस' नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको हो । अनुसन्धान चिनियाँ विज्ञान प्रतिष्ठान अन्तर्गत नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको हो।

अनुसन्धान टोलीले सन् १९८५ देखि २०२३ सम्मको करिब ४० वर्षको तथ्याङ्क विश्लेषण गरेको थियो। अध्ययनमा विश्वभरका २१ हजारभन्दा बढी नदी खण्डहरूको अक्सिजन स्तर मापन गर्न उन्नत कम्प्युटर आधारित विश्लेषण विधि प्रयोग गरिएको थियो।

अध्ययनअनुसार नदीहरूमा अक्सिजनको मात्रा औसतमा प्रति दशक ०.०४५ मिलिग्राम प्रतिलिटरका दरले घटिरहेको छ। अध्ययन गरिएका करिब ८० प्रतिशत नदीहरूमा अक्सिजन कमी देखिएको छ । विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका नदीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । यसअघि उच्च अक्षांशका क्षेत्रहरू बढी प्रभावित हुने अनुमान गरिएको भए पनि अध्ययनले उष्णकटिबन्धीय नदीहरू पहिले नै कम अक्सिजनयुक्त भएकाले अझ छिटो अक्सिजन गुमाइरहेको देखाएको छ।



यसले अत्यन्त कम अक्सिजन हुने अवस्था निम्त्याउन सक्छ, जसका कारण माछा तथा अन्य जलचर प्राणीहरूको मृत्यु हुन सक्छ। अनुसन्धानकर्ताहरूका अनुसार पानीमा अक्सिजन घुल्ने क्षमता घट्नु नै मुख्य कारण हो, जसले कुल अक्सिजन ह्रासको करिब ६३ प्रतिशत हिस्सा ओगटेको छ। तातो पानीले चिसो पानीको तुलनामा कम अक्सिजन धारण गर्न सक्छ।

त्यस्तै, तापक्रम, प्रकाश र पानीको बहावसँग सम्बन्धित प्रक्रियाहरूमा आएको परिवर्तनले थप १२ प्रतिशत अक्सिजन कमी गराएको अध्ययनले जनाएको छ।

अत्यधिक गर्मीका लहरहरूले पनि नदीहरूको अक्सिजन ह्रासमा ठूलो भूमिका खेलेका छन् । अध्ययनले विश्वव्यापी नदी अक्सिजन कमीको करिब २३ प्रतिशत हिस्सा यस्ता गर्मीका लहरसँग सम्बन्धित रहेको देखाएको छ।

अनुसन्धानमा अत्यन्त कम वा अत्यन्त बढी पानीको बहावले केही हदसम्म अक्सिजन कमीको गति घटाउन सक्ने पनि उल्लेख गरिएको छ । सामान्य अवस्थाको तुलनामा कम बहाव हुँदा अक्सिजन ह्रासको दर १९ प्रतिशतले घटेको पाइएको छ भने बढी बहाव हुँदा ७ प्रतिशतले कमी आएको छ।


अनुसन्धानकर्ताहरूले घट्दो अक्सिजन स्तरले नदीको जैविक विविधतामा गम्भीर असर पार्ने चेतावनी दिएका छन् । अक्सिजन कम हुँदा माछा तथा अन्य जीवहरू बाँच्न सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ।

उनीहरूले विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका देशहरूमा नीति निर्माताहरूलाई प्रभावकारी रणनीति अपनाउन आग्रह गरेका छन्।

नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ता शी कुनले भन्नुभयो,"यो अध्ययनले विश्वभरका नदीहरूमा भइरहेको अक्सिजन ह्रासलाई बुझ्न र न्यूनीकरण गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।"

# राष्ट्रपति रनिङ शिल्डः भीमदत्तलाई उपाधि

महेन्द्रनगर । जिल्लास्तरीय १६औँ राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको उपाधि २३ स्वर्णसहित भीमदत्तनगरपालिकाले जितेको छ । आइतबार कञ्चनपुरको बेदकोट नगरपालिकास्थित भुवनेश्वरी माध्यमिक विद्यालयमा सम्पन्न प्रतियोगितामा भीमदत्त नगरपालिकाले २३ स्वर्ण, १२ रजत र १० काष्यसहित उपाधि जितेको हो।



आयोजक जिल्ला खेलकुद समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहले यहाँको कृष्णपुर नगरपालिकाले १५ स्वर्ण, छ रजत र ११ काष्यसहित दोस्रो स्थान बनाएको जनाउँदै बेदकोट नगरपालिकाले १० स्वर्ण १३ रजत र ११ काष्यसहित तेस्रो भएको उल्लेख गर्नुभयो । शुक्लाफाँटा नगरपालिकाले सात, पुर्नर्वास नगरपालिकाले सात, दोधारा-चादँनी नगरपालिकाले दुई र बेलौरी नगरपालिकाले एक स्वर्ण जितेका छन् भने त्यस्तै, लालझाडी र बेल्डाँडी गाउँपालिका स्वर्णविहीन बनेका छन्।

तीन दिनसम्म सञ्चालन भएको प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, एथ्लेटिक्स, कबड्डी र भलिबल खेलमा प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको १७औं संस्करण आगामी वर्ष दोधारा-चादँनी नगरपालिकामा हुने भएको छ। रासस

# प्रथम छायानाथ अल्ट्रा रेसको उपाधि धीरबहादुर र सुनमायालाई




मुगु । मुगुम कार्मारोङ गाउँपालिकाको आयोजना तथा अल नेपाल स्पोर्ट्स फाउन्डेसनको सहकार्यमा आयोजित 'प्रथम छायाँनाथ अल्ट्रा रेस'मा पुरुषतर्फ धीरबहादुर बुढा र महिलातर्फ सुनमाया बुढा प्रथम हुनुभएको छ । आइतबार बिहान ६:४० बजे किम्रीबाट सुरु भएको ३३ किलोमिटर दूरीको उक्त प्रतियोगितामा १२ महिला र ४६ पुरुष गरी कुल ५८ जना धावक सहभागी भएका थिए। किम्रीदेखि सुरु भएको दौड छायाँनाथ, चिताइकुना हुँदै पुलुमा पुगेर समापन भएको थियो।

पुरुषतर्फको दौडमा धीरबहादुर बुढाले तीन घण्टा ५७ मिनेट २५ सेकेन्डमा निर्धारित दूरी पूरा गर्दै पहिलो हुनुभयो। साथै दलबहादुर कुँवरले चार घण्टा दुई मिनेट १० सेकेन्ड दौड पूरा गर्दै दोस्रो हुनुभयो भने तेस्रो हुनुभएका चन्द्रबहादुर रावतले चार घण्टा पाँच मिनेटमा दौड पूरा गर्नुभयो । त्यसैगरी अर्जुन कुलुङ राईले चार घण्टा २४ मिनेट र रमेश लिम्बुले चार घण्टा ३० मिनेट १० सेकेन्ड दौड पूरा गर्दै क्रमशः चौथो र पाँचौ हुनुभयो।

गाउँपालिकाका सूचना अधिकारी सोबिन्द्र मल्लका अनुसार महिलातर्फ सुनमाया बुढा पहिलो हुनुभयो । उहाँले पाँच घण्टा २५ मिनेट ५० सेकेन्डमा दौड पूरा गर्नुभयो। दोस्रो हुनुभएकी राममाया बुढाले पाँच घण्टा २६ मिनेट ४० सेकेन्ड र तेस्रो हुनुभएकी कल्पना बुढाले पाँच घण्टा ३५ मिनेट २० सेकेन्ड दौड पूरा गर्नुभयो। साथै सम्जेदा बुढाले पाँच घण्टा ४० मिनेट १० सेकेन्ड र निर्मला राईले पाँच घण्टा ४८ मिनेट दौड पूरा गरी क्रमशः चौथो र पाँचौ हुनुभयो।

आयोजकका अनुसार प्रतियोगितामा सहभागीमध्ये २३ जना अन्तरराष्ट्रिय मापदण्डका खेलाडी थिए । साथै दुई जना एलिट, पाँच जना इन्टरमिडिएट, नौ जना एड्भान्स तथा सात जना एक्सप्लोर वर्गका धावकको सहभागिता थियो।

अल नेपाल स्पोर्ट्स फाउन्डेसनका संजय अधिकारीका अनुसार नेपालका विभिन्न प्रतिष्ठित दौड प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिसकेका चर्चित धावकहरूको सहभागिताले प्रतियोगिता थप रोमाञ्चक बनेको थियो । एभरेस्ट, मञ्जुश्री, चाँगुनारायण, जुम्ला-रारा तथा रारा ट्रेल रनलगायत देश-विदेशका विभिन्न म्याराथनमा विजयी खेलाडीहरू समेत सहभागी भएका थिए । प्रतियोगिताको प्राविधिक सहयोग नेपाल एड्भेन्चर रनिङ महासंघले गरेको थियो।

मुख्य अल्ट्रा रेससँगै स्थानीयस्तरमा पाँच किलोमिटर दूरीको 'फन रन' पनि सोमबार बिहान सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगिताका लागि अनलाइन तथा अफलाइन दुवै माध्यमबाट दर्ता खुला गरिएको थियो । सोमबार विजेतालाई नगद पुरस्कार, पदक तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ।

महिला तथा पुरुषतर्फ प्रथम हुनेले जनही रु दुई लाख, दोस्रो हुनेले रु एक लाख ५० हजार, तेस्रो हुनेले रु एक लाख, चौथो हुनेले रु ७५ हजार तथा पाँचौँ हुनेले रु ५० हजार पुरस्कार प्राप्त गर्नेछन्। त्यसैगरी स्थानीय पाँच किलोमिटर 'फन रन'तर्फ प्रथम हुनेलाई रु ३० हजार, दोस्रोलाई रु २० हजार र तेस्रोलाई रु १० हजार पुरस्कार प्रदान गरिनेछ।

गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाले छायाँनाथ क्षेत्रलाई धार्मिक तथा साहसिक खेल पर्यटनको अन्तरराष्ट्रिय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो। यस्ता कार्यक्रमले स्थानीय संस्कृति, प्राकृतिक सम्पदा तथा हिमाली जीवनशैलीलाई विश्वसामु परिचित गराउन मद्दत पुग्ने उनको विश्वास छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवासचन्द्र रावलले प्रतियोगिताले स्थानीय पर्यटन, होटल व्यवसाय तथा आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो । आयोजकका अनुसार प्रतियोगिताले छायाँनाथ धामको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । साथै हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन समेत यसले सहयोग पुग्ने विश्वास गरिएको छ। रासस

## कङ्गोमा इबोला प्रकोपः दर्जनौंको मृत्यु, विश्व स्वास्थ्य सङ्गठनद्वारा आपतकाल घोषणा

रासस/एएफपी। डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोमा फैलिएको इबोला रोगका कारण ८० भन्दा बढी मानिसको मृत्यु भएको छ। अवस्था गम्भीर बन्दै गएपछि विश्व स्वास्थ्य सङ्गठनले यसलाई अन्तर्राष्ट्रिय सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको छ।

हालसम्म ८८ जनाको मृत्यु भइसकेको र ३३६ जनामा संक्रमणको शंका गरिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। रोग तीव्र रूपमा फैलिँदै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ।

स्वास्थ्य मन्त्रीका अनुसार यो इबोलाका लागि हाल कुनै खोप उपलब्ध छैन। यस रोगको मृत्युदर करिब ५० प्रतिशतसम्म पुग्न सक्ने बताइएको छ।

स्वास्थ्य सहायता संस्थाहरूले ठूलो मात्रामा सहयोग र उपचार टोली पठाउने तयारी गरिरहेका छन्।

यो प्रकोप कङ्गोको इटुरी क्षेत्रमा सुरु भएको हो, जुन युगान्डा र दक्षिण सुडानसँग सीमा जोडिएको छ। प्रारम्भिक बिरामी एक स्वास्थ्यकर्मी भएको बताइएको छ।

स्थानीय मानिसहरूले उपचार केन्द्र र आइसोलेसनको अभावका कारण बिरामीहरू घरमै मृत्यु भइरहेको बताएका छन्, जसले रोग अझ फैलिने खतरा बढाएको छ।

विश्व स्वास्थ्य सङ्गठनले यो अवस्था अझै फैलिन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

# इरानी संसद्का सभामुख गालिबाफ चीनमामिला हेर्ने विशेष प्रतिनिधि नियुक्त

रासस/एएफपी।अमेरिकासँग केवार्तामा प्रमुख वार्ताकारका रूपमा उदय भएका इरानको संसदका सभामुख मोहम्मद बाघेर गालिबाफलाई चीनसँम्गको सम्बन्ध हेर्ने विशेष प्रतिनिधि नियुक्त गरिएको इरानी सञ्चारमाध्यमले आइतबार जनाएका छन्।

"मोहम्मद बाघेर गालिबाफलाई हालै इरानको चीन मामिलाका लागि विशेष प्रतिनिधिको रूपमा नियुक्त गरिएको छ," तस्निम समाचार एजेन्सीले इरानी विश्वस्त स्रोतलाई उद्धृत गर्दै लेख्नुभएको छ।



इरानका राष्ट्रपति मसुद पेजेस्कियनको प्रस्ताव र सर्वोच्च नेता अयातोल्लाह मोजतबा खामेनीको प्रस्तावमा गालिबाफलाई उक्त पदमा नियुक्त गरिएको तस्निमले जनाएको छ।

उहाँले इरान र चीनबीचको सम्बन्धका विभिन्न क्षेत्रमा समन्वय गर्ने बताइएको छ।

गत मार्च १७ मा अमेरिका-इजरायली आक्रमणमा मारिएका दिवङ्गत सुरक्षा प्रमुख अली लारीजानीले पनि यस्तै अडान लिनुभएको थियो।

लारीजानीले चीनसँगको वार्तालाई अगाडि बढाउने जिम्मेवारी सम्हालेपछि इरान र चीनबीच सन् २०२१ मा २५ वर्षे सहयोग सम्झौता भएको थियो।

फेब्रुअरी २८ मा इजरायल र अमेरिकासँग युद्ध सुरु भएपछि, गालिबाफ अप्रिलमा अमेरिकासँग एकल चरणको वार्तामा उच्च-जोखिम कूटनीतिको नेतृत्व गर्ने प्रमुख व्यक्तित्वको रूपमा देखा पर्नुभएको छ।

अप्रिल ८ मा युद्धविराम हुनुअघि मध्यपूर्वमा फैलिएको युद्धमा पूर्व सर्वोच्च नेता अली खामेनीसहित धेरै वरिष्ठ इरानी अधिकारीहरू मारिएका थिए।

इरानले हालैका दिनहरूमा धेरै चिनियाँ जहाजहरूलाई रणनीतिक महत्त्वको 'स्ट्रेट अफ होर्मुज हुँदै जान अनुमति दिएको छ, जुन युद्ध सुरु भएदेखि अवरुद्ध गरिएको एक महत्त्वपूर्ण विश्वव्यापी इन्धन ढुवानी मार्ग हो।

रिभोलुसनरी गार्ड्सका अनुसार चिनियाँ जहाजहरू इरानको हर्मुज घाँटी व्यवस्थापन नियममा भएको सम्झौतापछि त्यहाँबाट गन्तव्यतर्फ छुटेका हुन्। रासस

# कार्बन व्यापारको लाभ हासिल नभएकामा महालेखापरीक्षकको कार्यालयको प्रश्न




काठमाण्डु । पर्यावरण संरक्षण गरी कार्बन उत्सर्जन न्यूनीकरणका लागि नेपालले सार्थक प्रयास गरेपनि त्यसबाट उचित लाभ हासिल हुन नसकेकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ । वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तरराष्ट्रिय सन्धिबाट स्थापित संयन्त्रसँग भाग लिन पाउने व्यवस्था छ ।

विदेशी सरकार, संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा सहभागी हुन पाउने सो ऐनले प्रबन्ध गरेको छ । कार्बन बिक्रीका लागि आयोजना 'गोल्ड स्ट्याण्डर्ड'मा दर्ता गर्नुपर्ने व्यवस्था छ। सो प्रविधि समयमै प्रमाणीकरण तथा दर्ता नहुँदा आय आर्जन हुन सकेको छैन । त्यसका लागि अन्तर्राष्ट्रिय स्तरमा मान्य हुने टेम्प्लेट तयार पार्नुपर्ने हुन्छ।

जलवायु परिवर्तनको असर नेपालले भोग्नु परेको छ । ठूला, मझौला तथा साना जलविद्युत् आयोजनाले कार्बन उत्सर्जन न्यूनीकरणमा ठूलो योगदान गरेको छ । साना जलविद्युत् आयोजना समेत त्यसका लागि सक्रिय योगदान गरिरहेको अवस्था छ । वन तथा वातावरण संरक्षणमा नेपालले पुऱ्याएको योगदानको अन्तर्राष्ट्रिय रुपमा चर्चा हुने गरेको छ। जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा अत्याधिक प्रभाव परेको छ। पानीका मूल सुक्नेदेखि अतीवृटि, अनावृटि हुने गरेको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले क्योटो प्रोटोकलअन्तर्गतको स्वच्छ विकास संयन्त्रमा आयोजना दर्ता गरी कार्बन आय गर्ने गरेको थियो । सन् २०२३ मा उक्त संयन्त्र बन्द भएपछि अन्तरराष्ट्रिय बजारमा कार्बन बिक्रीका लागि आयोजना ' गोल्ड स्ट्याण्डर्ड'मा दर्ता गर्नुपर्ने प्रावधान छ। सो प्रावधान अनुसारको प्रक्रिया अगाडि नबढ्दा कार्बन व्यापारको लाभ हासिल हुन नसकेकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको हो ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त विवरणअनुसार घरायसी बायोग्यास, सुधारिएको पानी मिल र लघु तथा साना जलविद्युत्तर्फका आठ आयोजना कार्बन बिक्रीका लागि दर्ता भएको थियो । सन् २००७ देखि २०२५ सम्म ६६ लाख ८८ हजार टन कार्बन न्यूनीकरण वापत रु चार अर्ब १६ करोड १० लाख आय भएको देखिन्छ। यस वर्ष त्यस्तो आय मात्रै रु नौ करोड ४९ लाख ६० हजार मात्रै छ ।रासस

# साहित्यिक तथा पर्यटन महोत्सवः पर्यटन प्रवर्द्धनमा जोड

खोटाङ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजारमा 'तेम्रो बृहत् खोटाङ-हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८३' सुरु भएको छ । नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते सङ्घ खोटाङको आयोजनामा आजदेखि सुरु भई जेठ ९ गतेसम्म सञ्चालन हुने महोत्सवको उद्देश्य पर्यटन प्रवर्द्धन रहेको छ।

खेलकुदका माध्यमबाट खोटाङलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटन प्रवर्द्धन गर्ने, स्थानीय खानाको प्रवर्द्धन गर्ने र क्षमतावान् खेलाडी उत्पादन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको आयोजक खेलकुद प्रतिष्ठानका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिनुभयो।

"खेलकुदका माध्यमबाट जिल्लालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा परिचित गराउँदै पर्यटकीय जिल्लाका रूपमा विकास गर्न तेम्रो पटक महोत्सव आयोजना गरेका हौँ । छ दिनसम्म सञ्चालन हुने महोत्सवले जिल्लाको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने छ", उहाँले भन्नुभयो।

महोत्सवको पहिलो दिन दौड प्रतियोगिता आयोजना गरिएको छ । प्रतियोगितामा बालबालिका, वृद्धवृद्धा, युवा सबैको उत्साहजनक सहभागिता रहेको आयोजकले जनाएको छ । सन् २०५० भित्र ओलम्पिक पदक जित्ने खेलाडी जिल्लामा उत्पादन गर्ने लक्ष्य राखिएको उहाँले उल्लेख गर्नुभयो।

महोत्सवमा एथलेटिक्स, खुला पुरुष बुद्धिचाल र साहित्यिक प्रतियोगिता आयोजना गरिएको खेलकुद प्रतिष्ठान खोटाङका सचिव मिलन कसजूले बताउनुभयो । उहाँका अनुसार जिल्लाका दशवटै स्थानीय तह र शुभेच्छुकको आर्थिक सहयोगमा आयोजना गरिएको महोत्सवमा देशभरका धावक, साहित्यकार तथा खेलाडीको सहभागिता छ।




आइतबार एथलेटिक्स विद्याअन्तर्गत दौड प्रतियोगिता आयोजना गरिएको जनाउँदै उहाँले यसअन्तर्गत जिल्लाभित्र र बाहिरका गरी ७५५ जना धावक सहभागी भएका उल्लेख गर्नुभयो। सचिव कसजुका अनुसार १५ वर्षभन्दा माथिका १० किलोमिटर खुला दौड प्रतियोगिताको महिलातर्फ खोटाङकी दीपा बस्नेत प्रथम, रणभीम गण मुडे ब्यारेककी जानुका राउत द्वितीय र मनिता खड्का तृतीय भएकी छन्। पुरुषतर्फ ताप्लेजुङका अमीर लिम्बू प्रथम, खोटाङका जगेन्द्र राई द्वितीय र सोलुखुम्बुका रुद्रधन कुलुङ तृतीय भएका छन्।

उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद रु १५ हजार, रु १० हजार, रु सात हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । विजयी धावकलाई नगरप्रमुख तीर्थराज भट्टराई, प्रमुख जिल्ला अधिकारी रेखा कँडेल, सुरक्षा प्रमुखलगायतले पुरस्कार वितरण गर्नुभयो।

पैँतीस वर्षमाथिका राजनीतिज्ञ, जनप्रतिनिधि, पत्रकार, कर्मचारी, शिक्षक र व्यवसायीका लागि सात किमी दौड प्रतियोगितामा उदयपुरका अनन्त राई प्रथम, सुनसरीका विमानसिंह तामाङ द्वितीय र खोटाङका शिवप्रसाद राई तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीयले क्रमशः रु १५ हजार, रु १० हजार र रु सात हजार पुरस्कार प्राप्त गरेका छन्।

आमाहरूका लागि पाँच किमी दौडमा जमुना कटवाल प्रथम, रोजना राई द्वितीय र भीमकुमार आचार्य तृतीय भएकी छन् । यसअन्तर्गत प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु पाँच हजार ५५५, रु चार हजार ४४४ र तीन हजार ३३३ पुरस्कार प्राप्त गरेका आयोजकले जनाएको छ।

पन्ध्र वर्षमुनिका छात्रछात्राका लागि आयोजित सात किमी दौडमा छात्रतर्फ सम्पत राई प्रथम, न्यूजल राई द्वितीय र धीरज राई तृतीय भएका छन्। छात्रातर्फ अस्मिता कटवाल प्रथम, लक्ष्मी राई द्वितीय र कविता आचार्य तृतीय भएकी छन् । त्यस्तै, १२ वर्षमुनिका छात्रछात्रा तीन किमी दौड प्रतियोगिताअन्तर्गत छात्रतर्फ निशान केसी प्रथम, दर्शन राई द्वितीय र यञ्जल राई तृतीय भएका छन् भने छात्रातर्फ मन्दिरा श्रेष्ठ प्रथम, एलिसा कटवाल द्वितीय र रक्षा विश्वकर्मा तृतीय भएकी छन्।

आयोजकका अनुसार १० वर्षमुनिका छात्रछात्राका लागि एक माइल दौडमा छात्रतर्फ जालपा माविका अनिल राई प्रथम, श्री मावि बाँस्बोटेका अजय श्रेष्ठ द्वितीय, दिक्तेल बोर्डिङ स्कुलका रविशन खत्री तृतीय भएका छन्। दश वर्षमुनिका छात्रातर्फ जालपा माविका अपेक्ष राई प्रथम, सरस्वती मावि दिक्तेलकी युना राई द्वितीय र श्री मावि बाँस्बोटेकी श्रद्धा राई तृतीय भएकी छन्।

दिक्तेल बजारस्थित मानव अधिकार चोकलाई केन्द्र मानेर आयोजना गरिएको प्रतियोगितामा ५५ वर्षभन्दा माथिका पुरुषका लागि दुई किमी दौड प्रतियोगिता आयोजना गरिएको थियो । उक्त दौडमा धनीराम राई प्रथम, विचारी तामाङ द्वितीय र वुद्धवीर लामा तृतीय भएका छन्। यसमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु पाँच हजार ५००, रु चार हजार ५०० र रु दुई हजार ५०० प्राप्त गरेका छन्।

बाह्र वर्षदेखि १५ वर्षमुनिका छात्रछात्राका लागि सात किमी दौडमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु सात हजार ५००, रु छ हजार ५०० र रु पाँच हजार ५०० प्राप्त गरेका छन् भने १० वर्षमुनिका छात्रछात्राका लागि एक माइल दौडमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु तीन हजार, रु दुई हजार र रु एक हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ।

खुला बुद्धिचाल प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो, पाँचौँ, छैटौँ र सातौँ हुनेले क्रमशः रु २५ हजार, रु १५ हजार, रु १० हजार, रु आठ हजार, रु सात हजार र रु पाँच हजारसहित ट्रफी र प्रमाणपत्र पाउनेछन् । बुद्धिचाल प्रतियोगिता यही जेठ ६ गते र साहित्यिक प्रतियोगिता जेठ ९ गते आयोजना गरिने खेलकुद प्रतिष्ठानका अध्यक्ष राईले जानकारी दिनुभयो।

साहित्यतर्फ ख्यातिप्राप्त साहित्यकारबीच आ-आफ्ना सिर्जना सुन्ने, सुनाउने कार्यक्रम राखिएको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा आयोजना गरिने साहित्यिक महोत्सवमा कविता, गजल र मुक्तक सुन्ने, सुनाउने कार्यक्रम राखिएको उहाँले बताउनुभयो।

महोत्सव सम्पन्न गर्न रु ३० लाख १३ हजार २३२ बजेट लाग्ने अनुमान गरिएको आयोजक सितोरियो कराते सङ्घ खोटाङका अध्यक्ष सुमन राईले जानकारी दिनुभयो । महोत्सवका लागि जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेर कार्यक्रम सञ्चालन गरिएको हो।

महोत्सव उद्घाटनको अवसरमा आयोजकले पत्रकार सविना अछामे परियारलाई रु ११ हजार १११ नगदसहित पुरस्कृत गरेको छ। समापनको अवसरमा विभिन्न विद्यामा महत्वपूर्ण योगदान गर्ने पाँच जना व्यक्तिलाई नगदसहित सम्मान गर्ने कार्यक्रम रहेको प्रतिष्ठानका अध्यक्ष राईले जानकारी दिनुभयो। रासस

# चौबिस कम्पनीको आइपिओ बिक्रीका लागि अनुमति

काठमाण्डु । नेपाल धितोपत्र बोर्डले हालसम्म २४ कम्पनीलाई साधारण शेयर (आइपिओ) बिक्रीका लागि अनुमति प्रदान गरेको छ । बोर्डले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ती कम्पनीलाई साधारण शेयर बिक्रीका लागि अनुमति प्रदान गरेको हो।

बोर्डका अनुसार कुल नौ करोड ११ लाख ८७ हजार ९४६ कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति प्राप्त भएको हो । त्यसको मूल्य रु नौ अर्ब ११ करोड ८७ लाख




९४ हजार ६०० बराबर छ। अनुमति प्राप्त गरेका कूल कम्पनीमध्ये १५ वटा जलविद्युत् आयोजनाका मात्रै छन्।

नेपाल स्टक एक्सचेञ्जमा १०३ जलविद्युत् कम्पनी शेयरमा सूचीकृत भई कारोबार भइरहेका छन्। बोर्डबाट अनुमति पाउने र अनुमतिको प्रतिक्षामा रहेका कम्पनीमा पनि जलविद्युत्का बढी छन् । अनुमति पाएका कम्पनीमा सात वटा उत्पादन तथा प्रशोधन क्षेत्रका छन्।

विकास बैंक र होटल एवं पर्यटन क्षेत्रका एक/एक कम्पनी छन् । बोर्डमा कुल ९८ वटा कम्पनीले साधारण शेयर बिक्रीका लागि अनुमति माग्दै आवेदन दिएका छन् ।रासस

# स्वीकृत विदेशी लगानीको १४ प्रतिशत मात्रै भित्रियो

काठमाण्डु । नेपालमा स्वीकृत विदेशी लगानीको तुलनामा वास्तविक भित्रिने रकम अत्यन्तै न्यून रहेको छ । महालेखापरीक्षकको कार्यालयको ३३औँ वार्षिक प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा एक हजार नौ विदेशी लगानीकर्ताबाट रु ७९ अर्ब ६९ करोड बराबरको लगानी प्रस्ताव स्वीकृत भएको थियो । त्यसमा जम्मा ९७ लगानीकर्ताबाट मात्रै रु ११ अर्ब ३० करोड



मात्र भित्रिएको छ । यो स्वीकृत लगानीको १४ प्रतिशत हो।

सार्वजनिक प्रतिवेदनअनुसार पछिल्लो समय वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिको अनुपात क्रमशः घट्दो देखिएको छ। आव २०७९/८० मा स्वीकृत रु ३२ अर्ब ४८ करोडको प्रस्तावमध्ये रु नौ अर्ब २० करोड प्राप्त भएको छ। जुन समग्रमा २८ प्रतिशत हो।

त्यस्तै आव २०८०/८१ मा स्वीकृत भएको लगानीको जम्मा १३ प्रतिशत मात्रै प्राप्त भएको देखिन्छ।

सो आवमा रु ८१ अर्ब ६९ करोडको लगानी स्वीकृत भएकामा रु १० अर्ब २९ करोड मात्रै प्राप्त भएको थियो । यो तथ्याङ्कले वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिबीचको विवरण फराकिलो हुँदै गएको देखाउँछ ।रासस

# बीउ बैंकमार्फत रैथाने बाली संरक्षणमा जुट्दै 'षडानन्द'




भोजपुर। षडानन्द नगरपालिकाले रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले बीउ बैंक स्थापना गरी प्रभावकारी अभियान सुरु गरेको छ। परम्परागत रूपमा खेती हुँदै आएका स्थानीय बाली हराउँदै जाने जोखिम बढ्दै गएपछि नगरपालिकाले दीर्घकालीन सोचसहित संरक्षण अभियान अघि बढाएको हो।

किसानलाई गुणस्तरीय रैथाने बीउ उपलब्ध गराउने, लोपोन्मुख अवस्थामा पुगेका स्थानीय जातका बाली पुनः उत्पादनमा ल्याउने तथा कृषि जैविक विविधता जोगाउने लक्ष्यसहित बीउ बैंक स्थापना गरिएको नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले जानकारी दिनुभयो। यस अभियानले स्थानीयस्तरमा रैथाने बालीको संरक्षणमा ठोस योगदान पुग्ने उहाँको भनाइ छ।

"हामीले स्थानीय रैथाने बालीको संरक्षण र विकासलाई प्राथमिकतामा राखेका छौँ", प्रमुख उदासले भन्नुभयो, "बीउ बैंकमार्फत बीउ सङ्कलनसँगै किसानलाई वितरण गर्ने कामलाई निरन्तरता दिएका छौँ ।"

बीउ बैंकमार्फत कोदो, फापर, जौँ, चिनो, कागुनो, गहत, भटमास, सिमी, मकैलगायत विभिन्न रैथाने बालीका बीउ सङ्कलन गरी संरक्षण गरिएको कृषि शाखा प्रमुख दिपेन थापाले जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म षडानन्द क्षेत्रमा उत्पादन हुने २७ बालीका ११५ जात सङ्कलन गरिएको छ।

"बीउ बैंकमा स्थानीय रैथाने बालीको व्यवस्थित सङ्कलन गरेका छौँ", उहाँले भन्नुभयो, "सङ्कलित बीउ किसानलाई ५० प्रतिशत अनुदानमा वितरण गर्दै रैथाने बालीको विस्तारमा टेवा पुर्याइरहेका छौँ।" बीउ बैंकमार्फत किसानलाई बीउ छनोट, संरक्षण विधि तथा उत्पादन प्रवर्द्धनसम्बन्धी तालिम प्रदान गरिँदै आएको छ। यसले परम्परागत ज्ञान र अभ्यासलाई आधुनिक कृषि प्रविधिसँग जोड्न मद्दत पुगेको छ।

नगरपालिकाका उपप्रमुख प्रमिला राईले रैथाने बालीको संरक्षण, विकास र प्रवर्द्धन गर्ने उद्देश्यले बीउ बैंक सञ्चालनमा ल्याइएको बताउनुभयो। "स्थानीय बीउको अस्तित्व सङ्कटमा पर्न नदिन यो पहल प्रभावकारी बन्ने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो। नगरपालिकाले आगामी दिनमा बीउ बैंकलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै विस्तार गर्ने योजना बनाएको छ। साथै, रैथाने बालीको बजारीकरण, ब्रान्डिङ तथा मूल्य अभिवृद्धिमा जोड दिँदै किसानको आयस्तर वृद्धि गर्ने लक्ष्य राखिएको छ। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

**क्र.सं. शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : दिपीका डिर्पाटमेन्ट स्टोर**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
प्रा.फ.र.नं.: १६९७०/१७५९/२०७७/०७८, दर्ता मिति : २०७७/१०/२०, पान नं. ६१५०४९३१७, दर्ता मिति : २०७७/१०/२१
ठेगाना : धनुषा जिल्ला, मिथीला न.पा. वडा नं. १, **प्रोप्राइटर : जनक लाल महतो**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : जनक लाल महतो**<br>ना.प्र.नं. १७३०८९/८०९, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/२३<br>बाबुको नाम : राम उदगार महतो<br>बाजेको नाम : मोहन महतो<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मिनिवास वडा नं. ९<br>हाल : धनुषा जिल्ला, मिथीला न.पा. वडा नं. ६ | **२. नाम : राम उदगार महतो**<br>ना.प्र.नं. १७३०८९/२४९, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/२०<br>बाबुको नाम : मोहन महतो<br>बाजेको नाम : नुनाई महतो<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मिनिवास वडा नं. ९<br>हाल : धनुषा जिल्ला, मिथीला न.पा. वडा नं. ६ |

**धितोको विवरण**

१. राम उदगार महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ९ ख स्थित कित्ता नं. २६० को क्षेत्रफल ०-५-०-० (बि.क.धु.क.) तथा धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ८ ख स्थित कित्ता नं. १५८, १६१ र १५९ को क्षेत्रफल क्रमशः ०-४-२-०, ०-२-०-० र ०-१-१०-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. धनि ज्योति विकास बैंक लि. भई ऋणि दिपीका डिर्पाटमेन्ट स्टोरको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको बागमती प्रदेश ०१ ०२५ च ७६४३, चेसिस नं. MEEHBC004M6015098, ईन्जिन नं. E075354 को KIGEER RXT MT कायम सवारी साधन थान १ ।

| ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|
| २. **नाम : श्याम कुमार कार्की**<br>ना.प्र.नं. २३९, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४२/११/२६<br>पतिको नाम : गंगा बहादुर कार्की<br>ससुराको नाम : मोहन बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, लदाभिर वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ | **नाम : प्रमिला प्रसाई**<br>ना.प्र.नं. १८९२/१०७३८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४४/०७/१७<br>पतिको नाम : श्याम कुमार कार्की<br>ससुराको नाम : गंगा बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, सितलपटी वाड नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ |

**धितोको विवरण**

प्रमिला प्रसाईको नाममा मालपोत कार्यालय कटारी, उदयपुरमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, कटारी, वडा नं. २ घ स्थित कित्ता न. ६०, ६२ र ५६६ को क्षेत्रफल क्रमशः ०-११-१७-०, ०-११-१४-० र ०-९-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं. शाखा कार्यालय : चपुर, रौतहट**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : मो. इमरान मंसुरी**
ना.प्र.नं. ३२२०६०/११५, जि.प्र.का. रौतहट, जारी मिति : २०७३/०४/१३
बाबुको नाम : आलम बकसिस, बाजेको नाम : सफि महमद
ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर दो. गा.वि.स. वडा नं. ६, हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ५

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : आलम बकसिस**<br>ना.प्र.नं. ३२६०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/१२/२९<br>बाबुको नाम : सफि महमद<br>बाजेको नाम : रफिक मिया<br>ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर दो. गा.वि.स. वडा नं. ६<br>हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ५ | **२. नाम : हसिना वेगम**<br>ना.प्र.न. २२६२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/०१/२६<br>पतिको नाम : आलम बकसिस<br>ससुराको नाम : सफि महमद<br>ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर दो. गा.वि.स. वडा नं. ६<br>हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ५ |

**क्र.सं. शाखा कार्यालय : परवानीपुर, बारा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : पानालाल प्रसाद यादव**
ना.प्र.नं. ३४-०१-७०-०२१६८, जि.प्र.का. पर्सा, जारी मिति : २०७०/०२/१३
बाबुको नाम : मुखलाल राउत अहिर, बाजेको नाम : छठु प्रसाद यादव
ठेगाना : पर्सा जिल्ला, जगरनाथपुर वडा नं. ९, हाल : पर्सा जिल्ला, जगरनाथपुर गा.पा. वडा नं. ४

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : नन्दलाल प्रसाद यादव**<br>ना.प्र.प.न. ३४-०१-७०-०२१६५, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/०२/१३<br>बाबुको नाम : मुखलाल राउत अहिर<br>बाजेको नाम : छठु प्रसाद यादव<br>ठेगाना : पर्सा जिल्ला, जगरनाथपुर वडा नं. ९<br>हाल : पर्सा जिल्ला, जगरनाथपुर गा.पा. वडा नं. ४ | **२. नाम : सोनालाल प्रसाद यादव**<br>ना.प्र.नं. ३४-०१-७०-०२१६७, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७०/०२/१३<br>बाबुको नाम : मुखलाल राउत अहिर<br>बाजेको नाम : छठु प्रसाद यादव<br>ठेगाना : पर्सा जिल्ला, जगरनाथपुर वडा नं. ९<br>हाल : पर्सा जिल्ला, जगरनाथपुर गा.पा. वडा नं. ४ |

**धितोको विवरण**

पानालाल प्रसाद यादवको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर वडा नं. ९ स्थित कित्ता नं. ४३४ र ४४४ को क्षेत्रफल क्रमशः ०-१२-१० र ०-१२-१० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५९, परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# ३ हजार बढी मुद्दा फछ्र्यौट

टुडे समाचारदाता



जनकपुरधाम। चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म उच्च अदालत जनकपुरधामले तीन हजार ११५ अर्थात ५५.१२ मुद्दा फछ्र्यौट गरेको छ। पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा थियो।

उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेले दिएको जानकारी अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ। उनका अनुसार दुई हजार ५३६ मुद्दा फछ्यौंट हुन बाँकी छ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिएका छन्। विवरण अनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन्।

त्यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्यौंट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन् । अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ । सार्वजनिक विवरणअनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन्।

त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ। कामु मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताएका छन्।

उनले अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने विचार व्यक्त गरे। अदालतले चालु आर्थिक वर्षका लागि चार हजार ५४६ मुद्दा फछ्यौंट गर्ने लक्ष्य रहेको जानकारी उनले दिएका छन्।

# निर्माणाधीन शीत भण्डारण अलपत्र

**२०७७ जेठ १८ गतेसम्म निर्माण सम्पन्न हुने भनिए पनि प्रदेश र संघीय सरकारले चासो नलिंदा शीत भण्डारको अन्तिम म्याद सकिएको पाँच वर्ष भन्दा बढी भइसक्दा समेत पूरा हुन नसक्दा शीत भण्डारका फलामहरु खिया लागेर जीर्ण अवस्थामा पुगेको छ ।**

टुडे समाचारदाता



राजविराज । सप्तरीको राजविराज नगरपालिका १५ मा निर्माणाधीन शीत भण्डार ५ वर्षदेखि अलपत्र अवस्थामा रहेका छन् । अलपत्र अवस्थामा रहेका ती शीतभण्डारमा खिया लागेर बिग्रिन लागेको बुझिएको छ।

ठेकेदार कम्पनीले शीत भण्डारको कामलाई अधुरो अवस्थामा छोडेको ५ वर्ष बितिसक्दा समेत काम पुनः सुरू हुनसकेको छैन । तीन हजार मेट्रिक टन क्षमता भएको निर्माणाधीन शीत भण्डारको फलाममा खिया लागेर बिग्रिने अवस्थामा पुगेको स्थानीयको भनाइ छ।

तत्कालीन मधेस प्रदेश सरकारले आठवटै जिल्लामा एक-एक शीत भण्डार निर्माण गर्ने योजना अनुसार हनुमान नगर सडक खण्डसँग जोडिएको राजविराज नगरपालिका वडा १५ मा नगरपालिकाले एक बिघा जग्गा उपलब्ध गराएर निर्माण गरेको शीत भण्डारको काम रोकिएर अधुरो भएपछि अहिलेसम्म सञ्चालन हुन नसकेको हो।

२०७४-०७५ सालमा मधेश सरकारले गरेको टेन्डर अनुसार शीत भण्डार निर्माणका लागि पच्चीस करोड ४४ लाख ४३ हजार ९५९ रूपियाँमा शर्मा आशिष जेभी प्रालि.ले ठेक्का लिएको थियो। २०७५ साल पुस १९ गते सम्झौता भएको यो योजनाको २०७५ साल फागुन २ गते जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र तत्कालीन भूमि व्यवस्था तथा कृषिमन्त्री शैलेन्द्र प्रसाद साहले शिलान्यास गरेर निर्माण थालिएको थियो।

शिलान्यासपछि सो योजनाको काम सुरू भएको थियो। कुल लागत मध्ये ६० प्रतिशत संघीय सरकार, २० प्रतिशत प्रदेश सरकार र २० प्रतिशत जिल्लाको सहकारी संघको समन्वयमा सहकारी संस्थाले दिने सहमति भएको थियो।

२०७७ जेठ १८ गतेसम्म निर्माण सम्पन्न हुने भनिए पनि प्रदेश र संघीय सरकारले चासो नलिंदा शीत भण्डारको अन्तिम म्याद सकिएको पाँच वर्ष भन्दा बढी भइसक्दा समेत पूरा हुन नसक्दा शीत भण्डारका फलामहरू खिया लागेर जीर्ण अवस्थामा पुगेको छ।

अहिलेसम्म संघीय सरकारले ६० प्रतिशत रकम मध्ये ६ करोड ३६ लाख रूपियाँ रकम मात्र निकासा दिएको छ भने प्रदेश सरकारले पनि आफ्नो भागको २० प्रतिशत रकम मध्ये एक करोड ४ लाख रूपियाँ भुक्तानी दिएको र स्थानीय सहकारी संघबाट २० प्रतिशत रकम बेहोर्ने सम्झौता भएपनि अधिकांश रकम आउन बाँकी रहेकोले बजेटको अभावमा शीत भण्डारको काम अधुरै रहेको निर्माण कम्पनीका प्रतिनिधि घनश्याम साहले जानकारी दिएका छन।

उनले भने, अहिलेसम्म आठ करोडको काम भएको छ । भुक्तानी भने पौने चार करोडको मात्र भएको छ। काम गरेको रकम भुक्तानी दिएभने काम सुरू गर्छौं। रकम भुक्तानी समयमा भएको भए काम सम्पन्न भइसक्ने थियो उनले बताए।

रकम अभावका कारण भुक्तानी हुन नसक्दा शीत भण्डारको काम सम्पन्न हुन नसकेको राजविराज नगरपालिकाका कार्यावाहक नगर प्रमुख इसरत परबिनले बताएका छन्। उनले भने, सुरूको वर्ष शीत भण्डारका लागि संघीय सरकारले कृषि मन्त्रालयबाट बजेट छुट्याएको थियो।

तर आ.व २०८१-०८२ र चालु आर्थिक वर्ष २०८२-०८३ मा भौतिक पूर्वाधार मन्त्रालय मार्फ बजेट छुट्टयाए पनि कृषि तर्फ रहेको शीत भण्डारका लागि भौतिक पूर्वाधार मन्त्रालयले छुट्टयाएको बजेट शीत भण्डार निर्माणका लागि प्रयोग गर्न नमिलेपछि शीत भण्डार निर्माणमा बजेट दिएनन्।

शीत भण्डारण सञ्चालकहरु र प्रदेश सरकारबीच भुक्तानीका लागि लामो समयदेखि विवाद हुँदै आएको छ । अदालत समेतले रकम भुक्तानी गर्न भनिसकेपनि हालसम्म शीत भण्डार निर्माणमा प्रदेश सरकारले प्राविधिक त्रुटिको कारण गर्न नसकेको बुझिएको छ । सप्तरी मात्र होइन प्रदेशका आठ वटै जिल्लामा निर्माणाधिन शीत भण्डारण अलपत्रै अवस्थामा रहेको छ।

# कांग्रेस नेता निधिको निधन



टुडे समाचारदाता

जनकपुरधाम। नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति धीरेन्द्र कुमार निधि (श्याम) को आइतबार दिउँसो करिब ३:३० बजे निधन भएको छ।

६५ वर्षीय निधिको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ। विगत एक वर्षदेखि मृगौला सम्बन्धी समस्याबाट पीडित निधिले नियमित उपचार गराइरहेका थिए।

पछिल्लो समय स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि उनलाई प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा उनको निधन भएको हो। नेपाली कांग्रेसभित्र सक्रिय तथा मिलनसार नेताका रूपमा परिचित श्याम निधि धनुषा जिल्लाको राजनीतिमा प्रभावशाली व्यक्तित्वको रुपमा चिनिन्थे।

पार्टी संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन तथा स्थानीय राजनीतिक गतिविधिमा उनको सक्रिय भूमिका रहेको नेताहरूले बताएका छन्। उनको निधनको खबर सार्वजनिक भएपछि कांग्रेस कार्यकर्ता तथा शुभेच्छुकहरूमा शोक छाएको छ। विभिन्न राजनीतिक दलका नेताहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनप्रति समवेदना प्रकट गरेका छन्।

# ४६ लाख राजश्व संकलन

टुडे समाचारदाता

रौतहट । रौतहट प्रहरीले वैशाख महिनाभर सञ्चालन गरेको विशेष अभियानबाट जिल्लामा अपराध नियन्त्रण, तस्करी रोकथाम र फरार प्रतिवादी पक्राउ गरेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार एक महिनामै ४६ लाखभन्दा बढी राजश्व संकलन गर्नुका साथै ५७ जनालाई पक्राउ गरेका छ्न।

प्रहरी प्रमुख एसपी सिताराम रिजाल कोनेतृत्वमा सञ्चालन गरिएको




अभियानअन्तर्गत भन्सार छलेर अवैध रूपमा भित्र्याइएका विभिन्न सामान बरामद गरी ४६ लाख २३ हजार ७३३ रुपैयाँ बराबरको राजश्व संकलन गरिएको हो।

सदरमुकाम गौरसहित जिल्लाका विभिन्न नाकाबाट अवैध रूपमा भित्र्याइएका सामान नियन्त्रणमा लिनुका साथै तस्करीमा प्रयोग भएका १३ वटा सवारीसाधन समेत प्रहरीले बरामद गरेको छ। घटनामा संलग्न १ जनालाई पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको प्रहरी प्रवक्ता विष्णु प्रदीप बस्याल ले जानकारी दिएका छन्।

ट्राफिक नियम उल्लंघन गर्ने १ हजार १६३ सवारीसाधनमाथि कारबाही गर्दा ११ लाख २२ हजार ५०० रुपैयाँ राजश्व संकलन भएको ट्राफिक इन्चार्ज राजेन्द्र थापा मगर ले बताएका छन् । वैशाख महिनामा जिल्लाभर ९९ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा ४ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन्।

प्रहरी तथ्यांक अनुसार वैशाख महिनामा ज्यान सम्बन्धी ५, चोरी ७, आर्थिक अपराध १९, सामाजिक अपराध ४१ तथा महिला तथा बालबालिकासम्बन्धी ४ वटा मुद्दा दर्ता भएका छन् । फरार प्रतिवादी पक्राउ अभियानमा ५७ जना पक्राउ परेका छन् । उनीहरूबाट १७ वर्ष २८ दिन कैद सजाय कार्यान्वयन हुनुका साथै ३२ लाख रुपैयाँभन्दा बढी जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै कर्तव्य ज्यान, हातहतियार, मानव बेचबिखन, बैंकिङ कसुर तथा ठगीजस्ता गम्भीर प्रकृतिका मुद्दासमेत दर्ता भएका छन् । सार्वजनिक चासोका दुई पुराना मुद्दा पनि फछ्यौंट गरिएको प्रहरीले जनाएको छ । घरेलु हिंसासम्बन्धी ३७ उजुरीमध्ये २८ वटा फछ्र्यौट भएका छन्।

यस्तै १२७ ठाडो उजुरीमध्ये ७७ तथा जिल्ला प्रशासन कार्यालयमार्फत आएका १२५ उजुरीमध्ये ७५ वटा समाधान गरिएको छ । अनुचित लेनदेनसम्बन्धी ३ मुद्दा फछ्यौंट गर्दै ६ लाख ५५ हजार रुपैयाँ पीडितलाई फिर्ता गराइएको प्रहरीले जनाएको छ।

लागूऔषध नियन्त्रण अभियान अन्तर्गत ६ वटा मुद्दा दर्ता गरी ५ जनालाई पक्राउ गरिएको छ। प्रहरीले ३२ किलो ५०० ग्राम गाँजा, ३०९ थान नशालु इन्जेक्सन र ५ हजार ३९३ ट्रमाडोल क्याप्सुल बरामद गरेको जनाएको छ।

वैशाख २५ गतेदेखि सुरु गरिएको सेवनकर्ता खोजी तथा उद्धार अभियानअन्तर्गत २४ जनाको परीक्षण गरिएको, ७ जनालाई परिवारको जिम्मा लगाइएको तथा १५७ जनालाई सोधपुछपछि छाडिएको छ।

वैशाख महिनामा आत्महत्याका ७ घटना दर्ता भएका छन् भने १७ वटा आगलागीलगायत घटनामा करिब ३७ लाख ९० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । घटनाको नियन्त्रणका लागि १२० जना प्रहरी परिचालन गरिएको थियो।

जिल्लामा शान्ति सुरक्षालाई मजबुत बनाउन प्रहरीले ५५८ मोबाइल गस्ती, ५१० पैदल गस्ती, १ हजार २० ग्रामीण गस्ती तथा सयौं चेकिङ अभियान सञ्चालन गरेको जनाएको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालन गरिएका ४१ कार्यक्रमबाट १ हजार ६४४ जना लाभान्वित भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# बालबालिका ऐन संशोधन

टुडे समाचारदाता

जनकपुरधाम । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले बालबालिका सम्बन्धी ऐन २०७५ मा संशोधन प्रक्रिया अघि बढाएको छ । ऐन संशोधन विधेयकको मस्यौदा तयार पारेर मन्त्रालयले अगाडि प्रक्रिया अघि बढाएको छ ।

बालसुधार गृहमा रहेका



बालबालिका १८ वर्ष उमेर पूरा भए पश्चात बाल सुधार गृहभित्र गरेको कसुरमा सामान्य फौजदारी कानुन आकर्षण नगर्दा सुधार गृहमा रहेका बालबालिकालाई नकारात्मक मनोबल बढ्न गएकाले यसलाई सम्बोधन गर्ने गरी ऐन संशोधन गर्न लागेको मन्त्रालयले जनाएको छ। अन्तर राष्ट्रिय दायित्व अनुरूप बाल न्याय प्रणालीलाई सुदृढीकरण गर्न बालबालिकाले गरेको कसुरमा सजाय घटाउने लगायतका विषय प्रस्तावित विधेयकमा छ।

विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको अस्थायी संरक्षण सेवा व्यवस्था गर्ने जिम्मेवारी संघीयताको मर्म बमोजिम प्रदेश सरकार र स्थानीय तहलाई दिन उपयुक्त देखिएकाले सोही बमोजिम व्यवस्था गर्न लागिएको पनि मन्त्रालयले जनाएको छ।

बालसुधार गृहभित्र मानव अधिकार हनन, सार्वजनिक सम्पत्तिमा तोडफोड, आगजनी र बालसुधार गृहबाट भाग्ने कार्यमा रोकथाम गर्ने प्रस्तावित विधेयकको उद्देश्य छ। प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भएपछि बाल सुधार गृहहरूको सञ्चालन एवं व्यवस्थापन प्रभावकारी हुने दाबी गरिएको छ।

# चिनियाँ नागरिक पक्राउ



टुडे समाचारदाता

वीरगञ्ज । भारतीय सशस्त्र सीमा बल (एसएसबी) को ४७ औं वाहिनीले रक्सौल-वीरगञ्ज मैत्री पुल क्षेत्रमा अवैध रूपमा भारत प्रवेश गरिरहेका एक चिनियाँ नागरिकलाई पक्राउ गरेको छ।

नियमित जाँच अभियानका क्रममा शुक्रवार पक्राउ परेका ती विदेशी नागरिक बिना वैध भारतीय भिसा बिहार प्रवेश गर्न खोजिरहेको अवस्थामा फेला परेको भारतीय सुरक्षा निकायले सुरक्षा निकायले जनाएको छ।

प्रारम्भिक सोधपुछमा उनले आफू खेलौना व्यवसायसँग सम्बन्धित व्यापारी भएको बताएका थिए । उनीसँगबाट लडाकु विमान, स्पाइडर म्यान मुखौटालगायत अन्य आपत्तिजनक शैलीका खेलौनाको खेप समेत बरामद भएको बताइएको छ।

जानकारी अनुसार उक्त चिनियाँ नागरिक ११ मे २०२६ मा काठमाडौं हुँदै व्यापारिक प्रयोजनका लागि चितवन पुगेका थिए । त्यसपछि वीरगञ्ज हुँदै रक्सौल नाका प्रयोग गरी भारत प्रवेश गर्ने क्रममा उनी पक्राउ परेका हुन्।

सुरक्षा स्रोतका अनुसार एसएसबीको ड्युटी परिवर्तन भइरहेको समयमा उनी सीमाक्षेत्रमा प्रवेश गरेका थिए । मैत्री पुल पार गरी भारतीय कस्टम क्षेत्रबाट रक्सौल सहरतर्फ जाँदै गर्दा उनलाई टाँगाबाट नियन्त्रणमा लिइएको बताइएको छ । उनी केवल चिनियाँ भाषामा मात्र बोल्ने भएकाले सोधपुछमा कठिनाइ भएकाले शंका भएपछि नियन्त्रणमा लिइएको सुरक्षा अधिकारीहरूले जनाएका छन्।

पक्राउ पर्ने व्यक्तिको पहिचान ५७ वर्षीय याओ शुफाङ का रूपमा भएको छ । उनका पिता या सो ची रहेको बताइएको छ। उनीसँगबाट चिनियाँ राहदानी नम्बर इजे ०१३८४०८ बरामद गरिएको छ। तर, भारत प्रवेशका लागि आवश्यक वैध भिसा दस्तावेज भने फेला नपरेको सुरक्षा निकायले जनाएको छ।

सीमा क्षेत्रमा खटिएका सुरक्षा निकायहरूले चिनियाँ नागरिकको भारत प्रवेशको वास्तविक उद्देश्य, सम्भावित सम्पर्क तथा गतिविधिबारे गम्भीर अनुसन्धान सुरु गरेका छन्। आवश्यक सोधपुछपछि कानुनी कारबाहीका लागि उनलाई सम्बन्धित प्रहरी कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको छ।

# अवैध सामान नियन्त्रणमा

टुडे समाचारदाता

लहान। सिरहाको सीमावर्ती क्षेत्र नवराजपुर गाउँपालिका-५, देवनगरबाट गएराति ठूलो परिमाणमा अवैध सामानसहित दुईजनालई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । खेतको बाटो प्रयोग गर्दै भारततर्फ जाँदै गरेको अवस्थामा ट्रकलाई नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीका अनुसार स १ ख ५३५ नम्बरको ट्रक सीमाक्षेत्रमा बत्ती निभाएर आवतजावत गरिरहेको सूचनापछि विशेष निगरानी बढाइएको थियो । सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाका अनुसार विशेष सुराकीका आधारमा गण मुख्यालयबाट खटिएको ३५ सदस्यीय टोलीले शंकास्पद अवस्थामा रोकी जाँच गरेको थियो।




जाँचका क्रममा गाडीमा लुकाईछिपाई राखिएको कस्मेटिक सामग्री, मन्जन (टुथपेस्ट) तथा ओखरसहित करिब १९ लाख ४७ हजार ३ सय रुपियाँ बराबरको सामान र ट्रकसहित दुई जनालाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने ५० वर्षीया राजेश यादव र ३९ वर्षीय आनन्द यादव रहेको छ। स १ ख ५३५ नम्बरको ट्रकमा राखेर नेपालबाट अवैध रूपले भारततर्फ लैजाँदै गरेको उल्लेखित मूल्य बराबरको कस्मेटिक सामान, टुथ पेस्ट, २ सय ६० केजी ओखरसहित गाडि समेत विशेष सूचनाको आधारमा नियन्त्रणमा लिइएको हो।

गाडीको अन्दाजी मूल्य २१ लाख रहेको छ भने नियन्त्रणमा लिएकाहरू गाडीमा चालक र सहचालक हुन्। मध्यरातमा खेत हुँदै भारततर्फ जाँदै गरेको अवस्थामा शंका लागेपछि ट्रकलाई नियन्त्रणमा लिइएको जनाइएको छ।

नियन्त्रणमा लिइएका दुवै जनालाई नेपाल प्रहरीलाई बुझाइएको छ भने बरामद सामान भन्सार बुझाउने प्रक्रियामा रहेको बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिएका छन।

## मानिस हराएको सूचना



मिथिला बिहारी नगरपालिका वडा नं. ८, कचुरीमा बस्ने पंकज कुमार यादवकी श्रीमती अनुराधा गुप्ता मिति २०८३/०१/३१ गते बिहीवार अन्दाजी बेलुकी ६:०० बजे एउटा छोरा र एउटी छोरी सहित आफ्नै घरबाट हराएको हुँदा कसैले देखेमा नजिकको प्रहरी चौकी वा तल उल्लेखित नम्बरमा सम्पर्क गरी खबर गरी दिनु हुन विनम्र अनुरोध गर्दछु ।

पंकज कुमार यादव
सम्पर्क नं. ९८६०००६६०५

## व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

आजै घटाऔं विषादीको प्रयोग,
अनि भोलि पाउछौं स्वस्थ योग ।
प्राकृतिक मल प्रयोग गरौं,
माटो पानी जोगाऔं,
हरियाली बढाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८